# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय र सामाजिक वस्तु हो । यसको प्रयोग मानव समाजमा मात्र हुन्छ । भाषालाई प्रभावकारी तरिकाले प्रयोग गर्नका लागि भाषिक सीपहरूको शिक्षण गर्नु आवश्यक हुन्छ । भाषिक सीपहरू कथ्य र लेख्य गरी दुई किसिमका हुन्छन् । सुनाइ र बोलाइ कथ्य सीपमा पर्दछन् भने पढाइ र लेखाइ लेख्य सीपमा पर्दछन् । भाषाका चारवटा सीपमध्ये महत्त्वपूर्ण सीपका रूपमा लेखाइ सीपलाई लिने गरिन्छ । लेखाइ सीपको माध्यमबाट नै भाषालाई व्यापक र विस्तृत रूपमा विकास गर्न सकिन्छ ।

लेखाइ सीप विकास गराउने एउटा माध्यम दैनिकी लेखन पनि हो । दैनिकी लेखन रूपक विधाअन्तर्गतको गद्य लेख्य उपविधा हो । विभिन्न समयमा घटेका घटना, गरेका कार्य, देखेसुनेका कुरा ज्ञान गरेका वा थाहा पाएका कुरा र अनुभव गरेका कुराहरूको तिथिमिति र स्थानसमेत उल्लेख गरी गरिने वैयक्तिक टिपोटलाई नै दैनिकीलेखन भनिन्छ । दैनिकीमा व्यक्ति विशेषका निजी कुरा भावनाशैली र सिर्जनाहरू प्रतिविम्बित हुन्छन् । त्यसैले यो नितान्त वैयक्तिक रचना हो । सुरुमा यो अभ्यासिक किसिमको भए पनि अन्ततः आफ्नै ढङ्ग र ढाँचाको स्वतन्त्र रचनाका रूपमा यसको पहिचान हुन्छ । दैनिकीमा प्रयोग गरिने कुराहरू भविष्यका लागि स्मरण योग्य हुन्छन् । कुनै पनि व्यक्तिले जीवनमा प्राप्त गरेका अनुभव उसको जीवन भोगाइ जीवनमा आएका उतारचढाव र जीवनका आरोह अवरोहलाई थाहा पाउनका लागि दैनिकीको निकै महत्त्व रहेको छ । यो एक प्रकारको लिखित अभिव्यक्ति भएकोले यसका माध्यमबाट सम्बन्धित व्यक्तिको जीवनलाई बुझ्न सहयोग गर्दछ ।

विभिन्न समयमा घटेका घटना, गरेका कार्य, देखेका कुरा, सुनेका ज्ञान गरेका वा थाहा पाएका कुरा र अनुभव गरेको कुराहरूको तिथिमिति र स्थान समेतको उल्लेख गरी प्रायः हरेक दिनजसो गरिने वैयक्तिक टिपोटलाई दैनिकी भनिन्छ (पौडेल, २०७० : २३) । दैनिकी लेखन सबै तहका विद्यार्थीहरूलाई नभई माध्यमिक तहका विद्यार्थीहरूलाई लेखन अभिव्यक्तिमा सुधार ल्याउन सहयोग गर्दछ । कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको भाषिक सीप विकासका विशेषताअन्तर्गत ह्रस्व, दीर्घ शब्द संयोजक, पदयोग, पदवियोग, कापीको

किनारा छोडाइ, विराम चिह्नको प्रयोग, शुद्धता, स्तरीयता, प्रस्तुतीकरण, भाषिकागत त्रुटि, लेखन शैलीगत कमजोर क्ष, छ र छ्यसम्बन्धी नियम य, व, स, ष, श प्रयोग आदि सम्बन्धी थ ुप्रै त्रुटि तथा कमजोरीहरू पत्ता लगाउन आवश्यक हुन्छ । यी कमजोरीहरू पत्ता लगाई लेखाइ सीपको विकास गराउनु नै दैनिकी लेखनको मूल उद्देश्य हो । लेखन कार्य  गराउनाले विद्यार्थीहरूमा कुनै दिनको सम्झना गरी अथवा आफ्नो दैनिक कार्यको दैनिकी लेखन सक्ने क्षमता र सिर्जनात्मक मौलिक लेखनको विकास हुन्छ । यो एक प्रकारको लिखित अभिव्यक्ति भएकाले यसका माध्यमबाट एकातिर विद्यार्थीको लेखन सीपको विकास हुन्छ भने अर्कातिर दैनिकी अध्ययनबाट सम्बन्धित व्यक्तिको जीवनलाई बुझ्न सहयोग गर्दछ । दैनिकी लेखन क्षमताको विकासका लागि अध्ययन अध्यापन हुन आवश्यक हुन्छ । दैनिकी लेखन क्षमताको विकासका लागि अध्यापनको सिलसिला जति हुन सक्यो त्यति नै अनुसन्धान परिष्कृत र परिमार्जन हुँदै अगाडि बढ्छ । यसभन्दा अगाडि पनि दैनिकी लेखन क्षमतामा न्यून मात्रामा मात्रै अनुसन्धान भएका छन् । ती अध्ययन क्षेत्रगत र कक्षागत आधारमा भएका छन् । धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको दैनिकी लेखन क्षमता शीर्षकमा अहिलेसम्म नभएको हुँदा उक्त शीर्षकमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गर्नका लागि यो शोधप्रस्ताव तयार गरिएको हो ।

## १.२ समस्याकथन

भाषाका चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीपसँग नजिकको सम्बन्ध राख्ने निबन्ध आधुनिक समयमा चर्चित विधा हो । यस्तो विधामा विद्यार्थीहरूले स्वतन्त्र रूपमा कलम चलाउँदा उनीहरूमा के-कस्ता कारण तथा प्रभाव समस्याको रूपमा आउँछ । यस्ता समस्यालाई समाधान गर्ने कार्य शोधकार्यसँग सम्बन्धित भएकाले पनि होला अनुसन्धानमा समस्याकथनलाई महत्त्वपूर्ण तत्वका रूपमा लिइन्छ । समस्यालाई आधार बनाएर शोधकार्य अगाडि बढाउनसकिन्छ । धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमतासँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार देखाइएको छ :

(क) धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमता केकस्तो छ ?

(ख) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमता कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो रहेको छ ?

(घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको पहिचान गर्नु,

(ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको पहिचान गर्नु,

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गर्नु,

(घ) भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पहिचान गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै पनि अध्ययन अनुसन्धान आफैंमा एक महत्त्वपूर्ण र चुनौतीपूर्ण हुन्छ । अध्ययन गर्नुको मूल कारण नयाँ कुराको खोजी गर्नु हो तथा भएका कुरा पुनरावलोकन गरी सत्य तथ्य कुराको पुष्टि गर्नु हो । भाषिक सिपहरूको शिक्षण नै भाषा हो । भाषाको कथ्य रूपले प्राचीनता झल्काउने भए तापनि लेख्य रूपलाई नै भाषाको स्तरीयता मान्न सकिन्छ । यस्तो लेख्य रूपमा स्तरीयता ल्याउनका लागि लेखाइ सीपको विकास प्रभावकारी भएको हुनुपर्छ । लेखन कलामा स्तरीयपन ल्याउन दैनिकी लेखनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै शीर्षक वा दैनिक रूपमा कार्यको सम्झना गरी मौलिक र क्रमबद्ध रूपमा अभिव्यक्ति गरिएको रचना नै दैनिकी हो ।

यो शोधकार्यको विद्यार्थीहरूको दैनिकी लेखन क्षमता पहिचान गर्न, सम्बन्धित तहका विद्यार्थीहरूको लेखाइसम्बन्धी क्षमता पहिचान गर्न र लैङ्गिक आधारमा विद्यार्थीहरूको

लेखाइ क्षमताको तुलना गर्न र भाषिक पृष्ठभूमिका आधारमा लेखन क्षमताको पहिचान गर्न अध्ययनको औचित्य रहेको पाइन्छ । प्रस्तुत शोधकार्यको सान्दर्भिकतालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) लेखनकलाको समुचित विकास गर्न,

(ख) विद्यार्थीहरूको बोध र अभिव्यक्ति क्षमता पहिचान गर्न,

(ग) विद्याथीृहरूलाई आफ्ना भावना तथा विचारहरूलाई स्वतन्त्र रूपमा अभिव्यक्ति गर्ने अवसर प्रदान गर्न,

(घ) विद्यार्थीका तहअनुसार उपयुक्त पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पार्न,

(ङ) विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गर्न ।

## १.५ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य दैनिकी लेखन क्षमतासँग सम्बन्धित भएकाले निम्नानुसार सीमाङ्कन प्रस्तुत गरिएको छ :

(क) प्रस्तुत अध्ययन धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ ।

(ख) धनुषा जिल्लाका सामुदायिक पाँच र संस्थागत पाँच गरी १० ओटा विद्यालयमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ग) लैङ्गिकताका आधारमा १० वटा विद्यालयमा ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

(घ) भाषिक पृष्ठभूमिका आधारमा १० वटा विद्यालयका ५० जना नेपाली पहिलोभाषी र ५० जना दोस्रोभाषी विद्यार्थीहरूमा मात्र सीमित गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

अध्याय एक : शोधपरिचय

अध्याय दुर्य : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा दैनिकी लेखन क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको अध्ययन

अध्याय सात : भाषिक पृष्ठभूमिका आधारमा दैनिकी लेखन क्षमताको अध्ययन

अध्याय आठ : सारांश, निष्कर्ष र उपयोगिता

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

शोधकार्य गर्नुभन्दा पहिले त्यस शोधका विषयसँग सम्बन्धित भएर गरिएका अगाडिका कार्यलाई समीक्षा गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । कुनै पनि कार्यलाई व्यवस्थित र सहज रूपमा सम्पन्न गर्नका लागि सम्बन्धित विषय क्षेत्रमा भएका विगतका अनुसन्धानात्मक कार्यलाई पुनरावलोकन गरिनुपर्छ, अर्थात् इतिहासलाई आत्मसात् गरी अगाडि बढेमा विगतमा भएका कामको समीक्षा भविष्यमा गर्न सकिने अनुसन्धानलाई पहिल्याउनका लागि सहयोग मिल्दछ । शोधकार्यमा समावेश गरिएका उद्देश्यलाई निश्चित गन्तव्यमा पुऱ्याउन अनुसन्धानसँग सम्बन्धित विगतका शोधपत्र र पुस्तक पुनरावलोकन छुट्टाछुट्टै उपशीर्षकअन्तर्गत गरिएको छ ।

### २.१.१ पुस्तकको समीक्षा

लामिछाने (२०६४) द्वारा *नेपाली भाषा शिक्षण परिचय* पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा चिठी शिक्षण एकाइअन्तर्गत चिठी लेखन प्रयोजनहरू, चिठीका प्रकार र चिठी शिक्षणका कार्याकलापहरूको चर्चा गरिएको छ । यसमा चिठीलाई लेखाइ सीप विकासका लागि प्रयोजनमा ल्याउने भए पनि सस्वर तथा मौनवाचन गराएर त्यसभित्रका खास कुरा बुझाउन, शब्दाभण्डारको वृद्धि गराउन र सिर्जनात्मकताको समेत विकास गराउन सकिने कुरा उल्लेख गरिएको छ । घरायसी, व्यापारिक र कार्यालयीय सम्बन्धी गरी चिठी तीन प्रकारका हुने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा चिठी लेखन र सस्वरपठन गर्नका लागि चिठी शिक्षणका कार्याकलापको चर्चा गरिएको छ । यो पुस्तक भाषिक अनुसन्धानका सन्दर्भमा एक उल्लेखनीय कृति हो । प्रस्तुत शोधकार्यको निवेदन लेखनमा आधारित हुने र उक्त पूर्वकार्य यससँग सम्बन्धित रहेको छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा प्रस्तुत शोध निवेदन लेखन प्रयोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । यस पुस्तकबाट निवेदन लेखन सीपको शिक्षण अवधारणाको विवेचना गर्न सहयोग पुऱ्याएको छ ।

बराल (२०६५) द्वारा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गतको स्नातक तह प्रथम वर्षको *साधारण नेपाली* पुस्तकमा पत्र रचना खण्डअन्तर्गत पत्रको प्रकार उल्लेख गरिएको छ । पत्रका प्रकार अन्तर्गत व्यावसायिक, कार्यालयीय, निवेदन, सूचना, निमन्त्रणा र विज्ञापनको नमुना समेत दिइएको छ । उक्त पुस्तकमा चिठी तथा निवेदन लेखन सीपको लागि उपयोगी देखिन्छ । प्रस्तुत शोधकार्यको लेखन निवेदन लेखनसँग सम्बन्धित छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा प्रस्तुत शोध निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । उक्त पुस्तकबाट निवेदन लेखन शिक्षण अवधारणामा विवेचना गर्न सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६५) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण पनि समावेश गरिएको छ । नेपाली भाषा शिक्षणमा निवेदन लेखन सूचनाहरूलाई लेखाइ शिक्षणका कार्यकलापहरू नामक शीर्षकअन्तर्गत समावेश गरिएको छ । निवेदन लेखनमा खास ढङ्ग ढाँचाको विशेष महत्त्व रहन्छ । लेखाइको प्रौढताको पर्याय सफल निवेदन लेखन प्रक्रिया भएको हुँदा सुरूमा मिति, सम्बोधन, ठेगाना र सोअनुरूप शिष्टता तथा आत्मीयता दर्साउने विशेषण र नमस्कारात्मक आशीर्वादात्मक वा तत्सम्बन्धी अन्य शब्द वा पदावली र तिनको उपयोग गर्ने ढङ्ग प्रस्ट्याइ सकेपछि निवेदन (चिठी) लेखनमा उच्चता हासिल गर्न सकिन्छ । निवेदन लेखनमा मिति, ठेगाना, सम्बोधन, विषय र प्रायः अनुरोधको भाषा प्रयोग भएपछि निवेदन लेखनमा उच्चता हासिल गर्न सकिन्छ, भन्दै निवेदन लेखनमा आवश्यक सतर्कताको संकेत गरिएको छ । प्रस्तुत शोधकार्यको लेखन निवेदन लेखनसँग सम्बन्धित छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्यभन्दा प्रस्तुत शोध निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित  भएकाले केही भिन्न रहेको छ । लेखाइ सीपको बारेमा र निवेदनको ढाचाँ शिष्टता व्यक्त गर्ने तरिकामा  सहयोग लिइएको छ ।

लम्साल र अन्य  (२०६६) द्वारा *नेपाली भाषा शिक्षण* शीर्षक पुस्तकमा लेखाइ शिक्षणको महत्त्वपूर्ण कृति हो । उक्त पुस्तकमा लिखित अभिव्यक्ति शिक्षणका कार्याकलापहरू अर्न्तगत वस्तु वर्णन, अनुभव, घटना एवम् भाव वर्णन, अनु लेखन, श्रुति लेखन, प्रश्नोत्तर लेखन, अनुच्छेद लेखन, बुदाँ टिपोट, दैनिकी लेखन, चिठी लेखन तथा निवेदन लेखन बारेमा चर्चा गरिएको छ । चिठी व्यक्तिगत, कार्यालयीय र व्यवासायिक गरी तीन किसिमका हुने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा व्यक्तिगत चिठी  खास ढङ्ग ढाँचाको विशेष

महत्त्व हुन्छ । चिठी लेख्न सिकाउँदा मिति, ठेगान, सम्बोधन जस्ता ढाँचाहरूको निर्देशन विद्यार्थीहरूलाई दिनुका साथै चिठी कहिले लेखिएको हो । उक्त जानकारीका लागि मिति, चिठी कसलाई लेखेको हो, सोअनुरूप शिष्टता तथा आत्मियता दर्शाउने शब्दको प्रयोग र उपयोग गर्ने ढङ्ग प्रस्ट्याइदिनु उपयुक्त हुन्छ भनी उल्लेख गरिएको छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा प्रस्तुत शोध निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । लेखाइ सीपको बारेमा र निवेदनको ढाचाँ शिष्टता व्यक्त गर्ने तरिका बारेमा  सहयोग लिइएको छ ।

भण्डारी र अन्य (२०६६) द्वारा तयार पारिएको माध्यमिक तहको *नेपाली विषयको स्वाध्यायन सामग्री* चिठी तथा निवेदन लेखनका लागि अत्यन्त उपयोगी देखिन्छ । चिठीलाई विषयवस्तुको आधारमा घरायसी, व्यापारिक, कार्यालयीय गरी वर्गीकरण गर्न सकिने कुरा उल्लेख गरिएको छ । विद्यार्थीहरूमा चिठीको किसिम अनुसार लेखन सीपका विकासका साथै विभिन्न शुभकार्यको अवसरमा आफन्त, साथीभाई आदिलाई निमन्त्रणा पत्र तथा शुभकामना तयार पार्ने सीपको समेत विकास हुने अपेक्षा गरिएको छ । निवेदनका ढङ्ग, ढाँचा, खाका आदि सहित प्रस्तुत गरिएको हुँदा यसले निवेदन लेखनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । प्रस्तुत शोधकार्यको लेखन निवेदन लेखनसँग सम्बन्धित छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा प्रस्तुत शोध निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । चिठीको किसिम अनुसार लेखन सीपका विकासका साथै विभिन्न शुभकार्यको अवसरमा आफन्त साथीभाई आदिलाई निमन्त्रणा पत्र तथा शुभकामना तयार पार्ने सीपको समेत विकास हुने अपेक्षा गरिएको छ । निवेदनका ढङ्ग, ढाँचा, खाका अनुसार लेखन कलामा सहयोग लिइएको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा दैनिकी विधा पाठ्यपुस्तकमा समावेश गर्नुको मूल प्रयोजन लेख्य भए पनि यसले सुनाइ, बोलाइ र पढाइ जस्ता भाषिक सीपको विकास गर्न समेत उपयोगी बनाउन सकिन्छ । त्यसैले भाषा शिक्षणका क्रममा दैनिकीलाई पाठ्यविषय बनाएर यसको संरचना र लेख्य ढाँचाका बारेमा विद्यार्थीहरुलाई परिचित तुल्याउन एवम् शब्दभण्डार र व्याकरणात्मक ज्ञान तथा प्रयोग गर्ने कौशलको विकासमा समेत उपयोगी बनाउन सकियोस् भन्ने उद्देश्यले दैनिकी शिक्षण प्रक्रिया र उपयोगका तरिकाका बारेमा प्रस्तुत गरिएको छ । त्यसकारण दैनिकी लेखन

क्षमता, भाषिक शुद्धता, शैली सौन्दर्य, लेखन सौन्दर्य र आकर्षण प्रवर्द्धनमा मद्दत पुऱ्याई लेखाइ सीपमा आत्मनिर्भर बन्नका लागि अध्येतालाई सहयोग पुगेको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७३) को *मेरो नेपाली कक्षा ७* को पाठ्यपुस्तकको पाठ ९ मा साथीलाई चिठी पाठ १७ मा प्राधानध्यापकलाई निवेदन समावेश गरिएको छ । उक्त पाठमा खेलकुद प्रतियोगितामा विद्यालयको तर्फबाट सहभागी हुन पाऊँ भनी अनुरोध गर्दै निवेदन लेखिएको छ । यसबाट विद्यार्थीमा निवेदन लेखन सीपको विकास गर्ने अपेक्षा गरिन्छ । यसका साथै निमन्त्रणको नमुना दिइ त्यससँग सम्बन्धित प्रश्नको जवाफ दिन सक्षम बनाउने अपेक्षा राखिएको छ । प्रस्तुत शोधकार्यको लेखन निवेदन लेखनसँग सम्बन्धित छ । प्रस्तुत शोध विषय सैद्धान्तिक पक्षमा आधारित पूर्वकार्य भन्दा प्रस्तुत शोध निवेदन लेखन प्रायोगिक अध्ययनमा आधारित भएकाले केही भिन्न रहेको छ । चिठीको किसिमअनुसार लेखन सीपका विकासका साथै साथीलाई चिठी र प्र.अ.लाई निवेदन लेख्न सक्ने सीपको समेत विकास हुने अपेक्षा गरिएको छ । प्रस्तुत पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधार निर्माण गर्न मद्दत पुगेको छ ।

### २.१.२ शोधको समीक्षा

खतिवडा (२०६४) द्वारा 'कक्षा सात पुरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर तहको शोधकार्य गरिएको पाइन्छ । उदयपुर जिल्लाको कक्षा सात पूरा गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, चिठी तथा निवेदन लेखनमा विद्यार्थीहरूलाई परेका समस्या पहिचान गरी आवश्यक सल्लाह र सुझाव दिनु उक्त शोधकार्यको प्रमुख उद्देश्यहरू प्रस्तुत गरिएको छ । उदयपुर जिल्लाका ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिएको छ । मूलतः सर्वेक्षण विधि र आशिंक पुस्तकालयीयमा उक्त शोधकार्य सम्पन्न भएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको प्रस्तुत गरिएको छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण पद्धतिलाई व्यवस्थित बनाउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कक्षा

सातका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा गरिएको व्याख्या विश्लेषणका लागि प्रायोगिक पक्षमा सहयोग लिइएको छ ।

नेपाल (२०६४) द्वारा 'निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा तयार गरिएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्यहरू सिन्धुपाल्चोक जिल्लाको कक्षा आठ पूरा गरेको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा सस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताक आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, पहिलो नेपालीभाषी र दास्रो नेपालीभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु उक्त शोधकार्यको प्रमुख उद्देश्यहरू प्रस्तुत गरिएको छ । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधिमा केन्द्रित देखिन्छ । सिन्धुपाल्चोक जिल्लाका ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता नेपाली इतर मातृभाषिको भन्दा केही सन्तोषप्रद देखिएको छ । लैङ्गिकतालाई आधार मानेर हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि देखिन्छ । अभ्यासको कमीले त्रुटिहरू भएको अध्ययनले देखाएको जस्ता निष्कर्षहरू प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । सिन्धुपाल्चोक जिल्लाका कक्षा आठ पूरा गरेका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध तनहुँ जिल्लाका कक्षा सातका विद्यार्थीहरूलाई नमुनमा आधार मानेर गरिएकोले स्पष्ट रूपमा फरक समेत रहेको छ । निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा गरिएको उद्देश्य निर्धारण, व्याख्या विश्लेषणमा सहयोग लिइएको छ ।

जोशी (२०६६) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोध तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्यहरू कञ्चनपुर जिल्लाका कक्षा आठ अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक तथा सस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निवेदन लेखन क्षमताको

तुलनात्मक स्थिति पहिल्याउनु, पहिलो नेपालीभाषी र दास्रो नेपालीभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु रहेको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधिमा केन्द्रित देखिन्छ । कञ्चनपुर जिल्लाको ५/५ सामुदायिक र संस्थागत विद्यालयका ४०/४० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता उच्च रहेको देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको निवेदन लेखन क्षमता नेपाली इतर मातृभाषिको भन्दा केही सन्तोषप्रद देखिएको छ । लैङ्गिकतालाई आधार मानेर हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि देखिन्छ । अभ्यासको कमीले त्रुटिहरू भएको अध्ययनले देखाएको जस्ता निष्कर्षहरू प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । कञ्चनपुर जिल्लाका कक्षा आठका विद्यार्थीहरूलाई आधार मानेर गरिएको उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध तनहुँ जिल्लाका कक्षा सातका विद्यार्थीहरूलाई नमुनमा आधार मानेर गरिएकोले स्पष्ट रूपमा फरक समेत रहेको छ । निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यसँग प्रस्तवित शोधमा गरिएको उद्देश्य निर्धारण, व्याख्या विश्लेषणमा सहयोग प्राप्त भएको छ ।

नेपाल (२०६८) द्वारा 'कक्षा छ पुरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधकार्य तयार पारिएको पाइन्छ । उक्त शीर्षकमा शोधपत्र तयार पर्दा सिन्धुपाल्चोक जिल्लाको कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निवेदन लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको स्थितिको विश्लेषण गर्नु, विद्यार्थीहरूको निवेदन लेखन सम्बन्धी समस्याहरूको पहिचान गरी निराकरणका उपायहरू पेश गर्ने उद्देश्यहरू प्रस्तुत गरिएको छ । नमुना सर्वेक्षण विधि अन्तर्गत ५/५ सामुदायिक र संस्थागत विद्यालयका ८/८ गरी जम्मा ८० जना विद्यार्थीहरू प्रतिनिधिको रूपमा चयन गरी निवेदन लेखन क्षमता उच्च रहेको, छात्रभन्दा छात्रा विद्यार्थीहरू तुलनात्मक रूपमा सक्षम रहेको उल्लेख गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको देखिन्छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण व्यवस्थित बनाउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत र कक्षागत दृष्टिले

भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा गरिएको नमुना छनोट, व्याख्या विश्लेषणका लागि प्रायोगिक पक्षमा सहयोग प्राप्त गरिएको छ ।

विष्ट (२०६८) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शीर्षकमा शोधपत्र तयार पर्दा बझाङ जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृतिको आधारमा चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिको आधारमा चिठी लेखन स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा चिठी लेखन क्षमताको स्थिति पहिल्याउनु र विद्यार्थीमा देखिएका कमीकमजोरी पहिचान गरी निराकरणका उपायहरू पहिल्याउनुलाई उक्त शोधपत्रमा उद्देश्यहरू प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा विद्यार्थीहरूलाई केन्द्रबिन्दुमा राखी नमुना सर्वेक्षण विधिद्वारा सामग्री सङ्कलन गरिएको छ । तीनवटा सामुदायिक विद्यालयलका ३० जना र तिनवटा संस्थागत विद्यालयका ३० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिएको छ । समग्रमा विद्यार्थीहरूको चिठी लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठी लेखन क्षमता उच्च रहेको देखिन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको चिठी लेखन क्षमता नेपाली इतर मातृभाषिको भन्दा केही सन्तोषप्रद रूपमा प्रस्तुत गरिएको छ । लैङ्गिकतालाई आधार मानेर हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि देखिन्छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण व्यवस्थित बनाउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा गरिएको व्याख्या र विश्लेषणका लागि सहयोग लिइएको छ ।

शाही (२०६८) द्वारा 'चितवन जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार पारेको देखिन्छ । यस शोधपत्रमा चितवन जिल्लामा कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयहरूको विद्यार्थीको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, भाषिक पृष्ठभूमिको आधारमा मातृभाषी र दोस्रोभाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको विश्लेषण गर्नु, लैङ्गिक आधारमा चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति

पहिल्याउनु उद्देश्यहरू समेटिएका देखिन्छ । यस शोधकार्यमा नमुना सर्वेक्षण र वर्णनात्मक विधिद्वारा सामग्री सङ्कलन गरी सामुदायिक र संस्थागत गरी चितवन जिल्लाको १०/१० विद्यालयहरू छनोट गरेको पाइन्छ । छात्र छात्राहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमता राम्रो रहेको पाइन्छ । यस शोधपत्रमा वस्तुगत विश्लेषणका लागि पर्याप्त तथ्याङ्क शास्त्रीय विधिको भने उपयोग गरिएको पाइँदैन । चितवन क्षेत्रका विद्यार्थीहरूलाई आधार मानेर गरिएको छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध तनहुँ जिल्लाका विद्यार्थीलाई सामग्रीका आधार मानेर गरिएकोले स्पष्ट रूपमा फरक समेत रहेको छ । लैङ्गिकतालाई आधार मानेर हेर्दा छात्राभन्दा छात्र केही मात्रामा अगाडि देखिन्छ । समग्रमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्न चिठी लेखन शिक्षण व्यवस्थित बनाउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले  सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यसँग प्रस्तुत शोधमा गरिएको नमुना छनोट र व्याख्या विश्लेषणको लागि सहयोग प्राप्त भएको छ ।

घर्ती (२०६९) द्वारा 'रुकुम जिल्लामा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको चिठी लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यस शोधको मुख्य उद्देश्य कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, लैङ्गिक आधारमा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु रहेको देखिन्छ । उक्त अनुसन्धान अशंत पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिमा केन्द्रितरही चार सामुदायिक र दुई सस्थांगत विद्यालय गरी ८०/२० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिएको छ र स्तर अनुकुल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा दशमा अध्ययरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, सस्थांगत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमाता कमजोर रहेको र छात्रभन्दा छात्राको निवेदन लेखन क्षमता उच्च रहेका प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले  सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त

पूर्वकार्यसँग प्रस्तुत शोधकार्यबाट उद्देश्य निर्धारण र व्याख्या विश्लेषणका लागि प्रायोगिक पक्षमा सहयोग लिइएको छ ।

बोहरा (२०७०) द्वारा 'रामेछाप जिल्लाको कक्षा दशमा अध्ययनरत गरेको विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । उक्त जिल्लाको कक्षा दशमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको पहिचान गर्नु, नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरू बिचको अन्तर पत्ता लगाउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निवेदन लेखन क्षमताको स्थिति पहिल्याउनु, लैङ्गिक आधारमा चिठी तथा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु र चिठी तथा निवेदन लेखन सम्बन्धी समस्याहरू पहिचान गरी निराकरणका उपायहरू सुल्झाउनु यस शोधपत्रको प्रमुख उद्देश्य रहेको देखिन्छ । उक्त अनुसन्धान क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रहि तीन तीन सामुदायिक र सस्थांगत गरी छवटा विद्यालयका ६० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिएको छ र स्तर अनुकुल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा दशमा अध्ययनरत गरेका विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, सस्थांगत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमाता कमजोर रहेको, नेपाली पहिलो भाषी विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमता उच्च रहेको र दोस्रा नेपाली भाषी विद्यार्थीहरूको कमजोर क्षमता रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत र कक्षागत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्यबाट उद्देश्य निर्धारण र व्याख्या विश्लेषणका लागि सहयोग सहयोग प्राप्त भएको छ ।

आर्चाय (२०७३) द्वारा 'आर्घाखाँची जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधको मुख्य उद्देश्य कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, लैङ्गिक आधारमा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु रहेको देखिन्छ । उक्त अनुसन्धान अशंत पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रहि चार सामुदायिक र चार सस्थांगत विद्यालय गरी ४०/४० जना विद्यार्थीहरू प्रतिनिधि नमुना

जनसङ्ख्याको रूपमा लिइएको छ र स्तर अनुकुल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, सस्थांगत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमाता कमजोर रहेको र छात्रभन्दा छात्राको निवेदन लेखन क्षमता उच्च रहेका प्रस्तुत गरिइएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्यबाट उद्देश्य निर्धारण र व्याख्या विश्लेषणका लागि सहयोग प्राप्त भएको छ ।

रिमाल (२०७३) द्वारा 'काठमाडौ जिल्लाको कक्षा पाचँमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधको मुख्य उद्देश्य कक्षा पाचँमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु र भाषिक पृष्ठभूमिका आधारमा निवेदन लेखन क्षमताको स्थिति पत्ता लगाउनु रहेको देखिन्छ । उक्त अनुसन्धान अशंत पुस्तकालीय र क्षेत्रीय अध्ययन विधिमा केन्द्रित रहि ५ सामुदायिक र ५ सस्थांगत विद्यालय गरी १०० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याको रूपमा लिएको छ र स्तर अनुकूल प्रश्नपत्र तयार गरी परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनले कक्षा पाचँमा अध्ययनरत विद्यार्थीहरूको निवेदन लेखन क्षमता सन्तोषजनक रहेको, सस्थांगत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निवेदन लेखन क्षमता कमजोर रहेको र दास्रो नेपालीभाषी भन्दा पहिलो नेपालीभाषी विद्यार्थीको निवेदन लेखन क्षमता उच्च रहेका प्रस्तुत गरिएको छ । उक्त पूर्वकार्य र प्रस्तुत शोध कार्य निवेदन लेखन क्षमता अध्ययनमा केन्द्रित भएकाले सम्बन्धित छ । उक्त पूर्वकार्यभन्दा प्रस्तुत शोध कार्य क्षेत्रगत दृष्टिले भिन्न रहेको छ। उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्यबाट उद्देश्य निर्धारण र व्याख्या विश्लेषणका लागि सहयोग प्राप्त भएको छ।

माथिका अध्ययनहरू केही जिल्लाहरूमा मात्र सीमित रहेकोले सम्पूर्ण क्षेत्रको प्रतिनिधित्व हुने गरी अध्ययन गरिएको देखिँदैन । तसर्थ धनुषा जिल्लाका विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरी आवश्यक सुधारात्मक उपायहरू अपनाउन सहयोग पुग्ने देखेर प्रस्तुत अध्ययन गर्नु उपयुक्त ठानिएको छ। प्रस्तुत शोध शीर्षक धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन रहेको छ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ दैनिक लेखनको परिचय

विभिन्न समयमा घटेका, घटना, गरेका कार्य, देखेका कुरा सुनेका, ज्ञान गरेका वा थाहा पाएका कुरा र अनुभव गरेका कुराहरूको तिथिमिति र स्थान समेटेको उल्लेख गरी प्रायः हरेक दिनजसो गरिने वैयक्तिक टिपोटलाई दैनिकी भनिन्छ (पौडेल, २०७० : २३) । दैनिकी जीवनका विशेष घटना, अनुभव र कार्यहरूको विशेष किसिमको टिपोटलाई भन्ने गरिन्छ । यो नितान्त वैयक्तिक किसिमको रचना हो । यसको नियमित अभ्यासबाट शुद्धता स्पष्ट स्वतन्त्र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउँछ ।

दिनभरिको दिन चर्या सकिसकेपछि राती सुत्नुभन्दा अगाडि हरेक दिन आफूले गरेका थाहा पाएका र कल्पना गरेका कुराहरूको स्मरण गरी टिपोट गरिने भएकाले यसलाई वैयक्तिक रचना पनि भनिन्छ । दैनिकीलाई दैनन्दिन पनि भनिन्छ । दैनिकी लेखनबाट बितेको समयमा आफूले गरेका कार्यहरूको मूल्याङ्कन गरी भविष्यमा असल मार्ग निर्देशन प्राप्त गर्न सहयोग मिल्छ । दैनिकी लेखनअन्तर्गत सम्बन्धित विषयमा केन्द्रित भएर त्यससँग सम्बद्ध कुराहरू अनुभव र कल्पनालाई प्रयोग गरेर एकदिन भरिका घटनाहरू समावेश गर्नुपर्छ । दैनिकी लेखनमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ । साथै सरल र सहज भाषाशैलीको प्रयोग गरी लेखिनु दैनिकीको अर्को महत्त्वपूर्ण विशेषता हो । दैनिकी लेखनले विशेष घटनालाई विशेष ढङ्गले अभिव्यक्त गर्ने कलाको विकास गराउँछ । यसले विशृङ्खलित विचारलाई शृङ्खलित रूपमा प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ ।

### २.२.२ दैनिकीको परिभाषा

दैनिकी भनेको के हो भन्ने सम्बन्धमा कुनै विद्वान्हरूले एकीन गरेर परिभाषा दिएको नपाए तापनि समग्र पुस्तकहरूमा दैनिकीको परिभाषालाई यसरी प्रस्तुत गरिएको छ :

कुनै पनि व्यक्तिको दिनभरीको घटनाहरूलाई समेटेर तयार पारिएको रचनालाई नै दैनिकी भनिन्छ (अधिकारी, २०६९ : १३५) । त्यसैगरी दैनिकी भनेको सम्बन्धित दिनमा घटेका विशेष खाले घटनाको स्तरीय आलेख हो । यसलाई दैनन्दिन डायरी वा जर्नल पनि भनिन्छ (शर्मा र पौडेल, २०६८ : २३२) । दैनिकी लेख्य विधासँगै सम्बन्धित भएकाले दैनिकी लेखनमा तिथि मिति तथा कुनै खास घटनासँग सम्बन्ध राख्ने विधा हो (पौडेल, २०७० : ६८) ।

दैनिकी भन्नाले आफैँले दिनभर गरेको विभिन्न तर विशेष खालको क्रियाकलाप वा घटनाको बारेमा कुनै एक बसाइँमा लेखिने विवरणहरूको सँगालोलाई दैनिकी भनिन्छ । यसमा सत्यता, निश्छलता व्यक्तिगत हुन नै दैनिकीको आफ्नो विशेषता रहेको छ । दैनिकी लेखनमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ । साथै सरल र सहन भाषाशैलीको प्रयोग गरी लेखिनु दैनिकीको अर्को महत्त्वपूर्ण विशेषता हो (ज्ञवाली र अन्य, २०६५ : १७) ।

विभिन्न समयमा घटेका घटना बारेका कार्य, देखेका कुरा, सुनेका, ज्ञान गरेका वा थाहा पाएका कुरा वा अनुभव गरेका कुराहरूको तिथिमिति र स्थान समेतको उल्लेख गरी प्रायः हरेक दिनजसो गरिने वैयक्तिक टिपोटलाई दैनिकी भनिन्छ (पौडेल, २०७० : २३)

यसरी व्यक्तिले जीवनमा प्राप्त गरेका अुनभव, जीवनका भोगाइ जीवनमा आएका उतारचढाव र जीवनका आरोह अवरोहलाई थाहा पाउनका लागि अभिव्यक्तिको दरिलो र कसिलो माध्यमका रूपमा दैनिकीलाई लिन सकिन्छ ।

### २.२.३ दैनिकी लेखनको आवश्यकता र प्रयोजन

भाषा विचार विनिमयको माध्यम हो । लेखाइ सीप पनि विचार विनिमयको अन्य माध्यम भए झैँ लेखाइ सीप एक हो । लेखाइ सीपमा सक्षम हुनु भनेको अभिव्यक्ति क्षमताको विकास हुनु हो । भाषिक स ीपहरूमध्ये लेखाइ पनि एउटा महत्त्वपूर्ण सीप हो । लेखन सीप वैयक्तिक कार्यकलाप हो । लेखन सीप विकासमा दैनिकी लेखनको महत्त्व रहेको हुन्छ । दैनिकी लेखन अभ्यासले बालबालिकामा स्मरण शक्ति बढाउनमा मद्दत गर्छ भने अर्कोतर्फ स्वतन्त्र किसिमको शैर्ला विकास गरेर मौलिक सिर्जनात्मक क्षमता विकास गर्ने पनि उत्तिकै मद्दत गर्छ । खास गरी विद्यार्थीहरूलाई जाँगरिलो बनार्य नियमित रूपमा लेखन कलाको विकास गर्नु नै यसको मूल ध्येय रहेको छ (शर्मा र पौडेल, २०६७ : १८२) । त्यसैले दैनिकी लेखनले विद्यार्थीमा एकातिर लेखन क्षमताको विकास गर्छ भने अर्कोतिर स्वतन्त्र, मौलिक र सिर्जनात्मक क्षमताको विकास गर्न सहयोग गर्दछ । यस कार्यमा अभ्यास गराउनाले विद्यार्थीहरूमा सम्बन्धित शीर्षकको आधारमा आफ्नो विचार धारणालाई सरल र सहज भभाषामा स्पष्ट पार्न सहयोग पुऱ्याउँदछ । यसरी भाषिक सीप विकासका लागि दैनिकी लेखन कार्यको आवश्यकता रहेको छ ।

लेखाइ सीपको विकास गराउनको लागि दैनिकी लेखनलाई प्रयोगमा ल्याउन सकिन्छ । यसको मुख्य प्रयोजन दैनिक रूपमा केही न केही लेख्ने बानीको विकास गरेर लेखन परिस्कारमा टेवा पुऱ्याउने टिपोट गर्ने व्याख्या गर्ने, विश्लेषण गर्ने, प्रतिक्रिया जनाउने

आदि बानीको विकास गर्नु मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखन कलाका पूर्वाधार तयार पार्ने र सोही अनुसारको सिप विकास गर्नु दैनिकी विधाको मूल प्रयोजन हो । यस्तै लिखित अभिव्यक्तिका विविध भाषिक पक्षको परिष्कार र प्रवर्द्धन गर्नु र स्मरण क्षमताको विकास र सौन्दर्यकलाको प्रवर्द्धन गर्नु पनि यसको प्रयोजन हो ।

दैनिकी लेखनका प्रयोजनलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

१. लेखन क्षमताको विकास गराउनु

२. अन्य विधामा जस्तै भाषिक सीप र पक्ष परिष्कारमा मद्दत पुऱ्याउनु

३. स्वतन्त्र, मालिक र सिर्जनातमक लेख्य क्षमताको विकास गर्नु

४. हरेक दिन तिथिमिति सहित केही न केही लेख्ने बानी बढाई आकर्षक शैली र अभिव्यक्ति सौन्दर्यको क्रमिक विकास गर्नु

५. विद्यार्थीका दैनिक जीवनका घटना, सूचना तथा अनुभव र तिनीहरूप्रतिको प्रतिक्रिया जनाउने टिपोट संस्कारको विकास गर्नु

६. उच्च स्मरण क्षमता, भाषिक शुद्धता, शैली, सौन्दर्य, लेखन सौन्दर्य र आकर्षण प्रवर्द्धनमा मद्दत पुऱ्याई लेख्य सीपमा आत्मनिर्भर बन्न प्रेरित गर्नु ।

### २.२.४ दैनिक लेखन प्रक्रिया

दैनिकी लेखन लेखाइ सीप शिक्षणको महत्त्वपूर्ण कार्यकलाप हो । यस विधामा पनि अन्य विधामा जस्तै सामान्य प्रयोजनसम्बन्धी यावत कार्यकलाप गराउन सकिन्छ (पौडेल, २०७० : २४) ।

दैनिकी लेखन प्रक्रियालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- दैनिकी लेख्ने विषयमाथि राम्रोसँग मनन गराउने
- प्रारम्भमा जुन दिनसँग सम्बन्ध दैनिकी हो (त्यस दिनको मिति लेख्ने)
- विषयअनुसार मानसिक रूपमा योजना तयार पार्ने
- योजना तयार भइसकेपछि समयका आधारमा बिहानदेखि बेलुकासम्म भए गरेका मुख्य कुराहरूलाई क्रमबद्ध ढङ्गले नछुटाइकन बुँदा टिपोट गर्ने
- बुँदाका आधारमा खेस्रा लेखन गर्ने

- खेस्रा लेखनलाई थपघट गरी परिमार्जन गरेर अन्तिम रूप दिने
- दैनिकी लेखिसकेपछि शीर्षक दिने ।

### २.२.५ लेखाइ सीपको विकासमा दैनिकी लेखनको भूमिका

भाषाको चारवटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइसँग सम्बन्धित विधा दैनिकी हो । विद्यार्थीहरूका दैनिकी लेखन क्षमताको विकास गराउन लेखाइ सीपसँग सम्बन्धित क्रियाकलाप गराउन सकिन्छ । कुनै पनि व्यक्तिको आफ्ना विचार एवम् भावनालाई व्यक्त गर्ने एउटा प्रमुख माध्यम लेखाइ हो ।

व्यक्तिको लेखनलाई विकास गर्दै लैजान लेखन अभ्यासले ठूलो भूमिका खेलेको हुन्छ । त्यसकारण तल्ला तहदेखि नै हस्तलेखन अनुलेखन, घटना लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रश्नोत्तर, श्रुतिलेखन, निवेदन लेखन र दैनिकी लेखन जस्ता विभिन्न लेखन कलासँग सम्बन्धित क्रियाकलापहरू गराएर विद्यार्थीहरूमा लेखन कला क्षमताको विकास गराउँदै लैजान सकिन्छ । क्रमशः माथिल्लो तहमा दैनिकी लेखन बुँदाटिपोट, भावविस्तार, सङ्क्षेपीकरण अनुच्छेदलेखन, प्रबन्धलेखन, प्रतिवेदन लेखन, निबन्धलेखन जस्ता क्रियाकलाप गराएर लेखन क्षमताको विकास गराउन सकिन्छ । त्यसैगरी माथिल्लो तहका कक्षामा भने उनीहरूको क्षमताअनुसार उपयुक्त शीर्षकमा दैनिकी गराउन सकिन्छ । यसरी पनि दैनिकीबाट लेखाइ सीप विकास गराउन सकिन्छ ।

बोध र अभिव्यक्ति दुबै क्षमताको विकासमा दैनिकीको भूमिका हुन्छ । दैनिकीको नजिकको सम्बन्ध भनेको भाषाका चार सीपमध्ये लेखाइ सीपसँग हो । भावना, कल्पना र तार्किकता जस्ता पक्षहरूले लेखाइ सीपमा निखारता ल्याउने भनएको कारणले पनि दैनिकीले स्वतन्त्र सिर्जनात्मक एवम् मौलिक लेखन कार्यलाई प्रोत्साहन गरेको पाइन्छ । दैनिकी लेखनमा तिथिमिति, विषयवस्तुको क्रमबद्धता, सरलता, वैयक्तिकता, निजात्मकता र भाषिक शुद्धता जस्ता सम्पूर्ण कुराहरू समवोश गरिनु पर्दछ । त्यसैले विद्यार्थीमा लेखाइसम्बन्धी धारणात्मक प्रयोगात्मक, संज्ञानात्मक, सीप विकसा गराउन दैनिकी लेखन प्रक्रियाले पृष्ठपोषण प्रदान गर्दछ । यसरी लेखाइ सीप र दैनिकी लेखन कार्य एक अर्काका परिपूरकको रूपमा रहने भएकाले पनि लेखाइ सीप विकासमा दैनिकीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि निश्चित विधि, तरिका वा प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ । विधि भन्नाले काम गर्ने तरिका, ढङ्ग, शैली अर्थात् नियम वा कानुनले निर्देश गरेको कार्य प्रणाली वा पद्धति भन्ने बुझिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश, २०७० : १३०४) । अनुसन्धान वस्तुपरक, औपचारिक र व्यवस्थित कार्य हो । अनुसन्धान कार्य कसरी थालनी भयो ? सुरुदेखि अन्त्यसम्म के कस्ता प्रक्रिया अवलम्बन गरियो ? ती सबै कुराहरू विधिको रूपमा समावेश गरिन्छ । विधिभन्दा बाहिर अर्थात् निश्चित प्रणालीबाहिर रहेर गरिएको अध्ययन अप्रमाणित, उद्देश्य विमुख र अस्तव्यस्त हुन्छ । यस अनुसन्धानका लागि निम्न विधि र प्रक्रियाको अध्ययन गरिएको छ :

## ३.१ जनसङ्ख्याको पहिचान

अनुसन्धानमा अनुसन्धानकर्ताले लक्षित गरेको समग्र समूह नै जनसङ्ख्या हो । यस अध्ययनका लागि शैक्षिक सत्र २०७४ मा धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

प्रस्तुत अध्ययनमा सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको परिधिभित्र सामेल गराउन असम्भव भएकाले सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने किसिमले प्रतिनिधि नमुना छनोट गरिएको छ । उक्त विद्यार्थीहरूमध्ये विद्यालयको प्रकृतिका आधारमा ५० जना छात्रा र ५० जना छात्र गरी जम्मा १०० जना विद्यार्थीहरूलाई सुविधाजनक रूपले प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोतहरू

अध्ययन अनुसन्धान कार्यमा नमुना छनोट गरिसकेपछि तथ्याङ्क सङ्कलनका लागि अध्ययन कार्यमा आवश्यकता अनुसार प्राथमिक स्रोत र द्वितीयक स्रोतका आधारमा सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा प्राथमिक स्रोतका सामग्री निर्माण गर्ने क्रममा अध्येताले क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरेको छ । जसअनुसार धनुषा जिल्लाका विभिन्न १० वटा विद्यालय ५ वटा निजी र ५ वटा सरकारी विद्यालयका विद्यार्थीहरूमा सोझै सम्पर्क गरी साथीहरूसँग बनभोज गएको एक दिनको दैनिकी लेख्न लगाइ लेखेका सामग्रीलाई प्राथमिक स्रोतका रूपमा सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा विभिन्न खालका पत्रपत्रिका, शोधपत्र, पुस्तकहरू आदिको प्रयोग गरिएको छ । अध्ययन कार्यलाई प्रभावकारी परिमाणमुखी बनाउनका लागि सम्बन्धित शोधनिर्देशकको सल्लाह, सुझाव र मार्गदर्शनलाई अपनाइएको छ ।

## ३.४ सामग्री निर्माण

अनुसन्धानको प्रकृतिअनुसार सामग्री निर्माण गर्नुपर्छ । यसरी सामग्री सङ्कलन गर्दा ती सामग्रीहरू वैज्ञानिक र व्यवस्थित ढङ्गले सही र सत्यतथ्यमा आधारित रही सङ्कलन गर्नुपर्दछ । प्रस्तुत अध्ययनको प्रकृति, विद्याथीको लेखन कला परीक्षण गरी तथ्याङ्क सङ्कलन गर्नुपर्ने भएकोले सोहीअनुरूप सामग्री निर्माण गरिएको छ । अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि शोधनिर्देशकलाई दैनिकी लेखनका लागि शीर्षक देखाइ त्यस शीर्षकलाई सामग्री निर्माणका रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्ने क्रममा दैनिकी लेखिएको उत्तरपुस्तिकाहरूमा अङ्क दिइएको छ । उक्त उत्तरपुस्तिकाबाट आएको प्राप्ताङ्कलाई भाषागत, लिङ्गगत र विद्यालयको प्रकृतिअनुसार वर्गीकरण गरी प्रतिशत श्रेणी किटान गरी दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । शोधप्रस्तावको उद्देश्यअनुरूप सङ्कलन गरेको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी प्रतिशतका आधारमा तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ । तथ्य विश्लेषण गर्ने क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा दैनिकी लेखन क्षमताको पहिचान गरिएको छ ।

प्रस्तुत अध्ययनका क्रममा निम्नानुसार सूत्रको प्रयोग गरिएको छ :

१. मध्यमान (Mean)

मध्यमान ( $\overline{X}$) $= A + \frac{\Sigma fd'}{N} \times h$

यहाँ,

$\Sigma$ = योगफल

A = प्राप्ताङ्कको वर्गान्तरको मध्यविन्दु

$\overline{X}$ = मध्यमान

f = आवृत्ति

m = प्राप्ताङ्कको मध्यविन्दु

$\Sigma fd'$ = आवृत्ति र प्राप्ताङ्क वर्गान्तरको मध्यविन्दुको गुणनफलको योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

२. मानक विचलन (Standard deviation)

$$\sigma = \sqrt{\frac{\Sigma fd'^2}{N} - \left(\frac{\Sigma fd'}{N}\right)^2} \times h$$

यहाँ

$\Sigma$ = योगफल

f = आवृत्ति

प्राप्ताङ्कको मध्यविन्दु र मध्यमानबिचको अन्तर

$fd'^2$ = आवृत्ति, प्राप्ताङ्क र प्राप्ताङ्कको मध्यमान बिच अन्तरको वर्गको गुणनफल

h = प्राप्ताङ्क बिचको फरक

N = जम्मा सङ्ख्या

तथ्याङ्क विश्लेषणका क्रममा विद्यार्थीहरूको प्रयोग क्षमताको आधारमा विभिन्न स्थानमा पर्ने विद्यार्थीहरूको सङ्ख्या पत्ता लगाई प्रतिशताङ्क श्रेणी निर्धारण गरी दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ ।

## ३.६ दैनिकी लेखनका मूल्याङ्कनका आधारहरू

दैनिकी लेखन परीक्षणीय आधारहरू भन्नाले दैनिकी लेख्दा ध्यान दिनुपर्ने पक्षहरू हुन् । यसमा नभईनहुने कुराहरू विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताजस्ता कुराहरू पर्दछन् । प्रस्तुत शोधपत्रमा यिनै कुरालाई आधार मानी दैनिकी लेखनलाई जम्मा १०० अङ्क छुट्याइएको छ । यिनै कुराहरूलाई आधार मानी पूर्णाङ्क निर्धारण गरिएको छ । उल्लेखित कुराहरूको अङ्कन प्रक्रिया निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| (क) | विषयवस्तु | २५ |
| (ख) | क्रमबद्धता | २५ |
| (ग) | वाक्यगठन र शब्दचयन | ३५ |
| (घ) | मौलिकता | १५ |
| | जम्मा | १०० |

# अध्याय चार

# समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा जनसङ्ख्या छनोटमा परेका धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अभिव्यक्ति विश्लेषण गर्ने उद्देश्य राखिएको छ । यस शोध अध्ययनका लागि छनोटमा परेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० छात्र र ५० छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनका क्रममा छनोटमा परेका विद्यालयका समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमता प्रतिशताङ्क, मध्यमान र मानक विचलनको स्थिति देखाइएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति हेर्नको लागि विभिन्न आधार मानिएको छ । ती आधारहरूमा विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकता आदिको आधारमा उत्तरपुस्तिका परीक्षण गरयो । विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण पछि विश्लेषणका सिलसिलामा विद्यालयको प्रकृति, लैङ्गिकता, भाषिक पृष्ठभूमि र समग्र विद्यार्थीको दैनिकी लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गरिएको छ ।

तालिका नं. १

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | ४०% सम्म अङ्क ल्याउने | | ४०-५०% सम्म अङ्क ल्याउने | | ५०-६०% सम्म अङ्क ल्याउने | | ६०% भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५४ | ५४ | ३० | ३० | १० | १० | ६ | ६ |


माथिको तालिकामा अध्ययनको छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरू रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा १०० जना विद्यार्थीलाई उनीहरूले प्राप्त

गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । ज सअनुसार पहिलो श्रेणी वा ४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५४ अर्थात् ५४% रहेको देखिन्छ । त्यसैगरी दोस्रो श्रेणीमा विद्यार्थी सङ्ख्या ३० अर्थात् ३० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी तेस्रो श्रेणीमा विद्यार्थी सङ्ख्या १० अर्थात् १० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी ६० प्रतिशतभन्दा माथि ल्याउनेको सङ्ख्या ६ अर्थात् ६ प्रतिशत रहेको छ ।

उपयुक्त तालिकाको आधारमा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउनेको सङ्ख्या ७ मात्र रहेको पाइन्छ । सबैभन्दा बढी ४० प्रतिशतसम्म अङ्क ल्याउने रहेका छन् । यसरी यो तथ्याङ्कलाई समग्र रूपमा हेर्दा धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेख्न क्षमताको स्थिति सन्तोषजनक नरहेको पाइयो । त्यसैले ४० प्रतिशतभन्दा कम अङ्क ल्याउनेको सङ्ख्या ५४ रहेकोले लेखाइ शिक्षणमा जोड दिनुपर्ने देखिन्छ ।


**चित्र नं. १**

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**



चित्र नं. २

**समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थिति**




माथिको चित्रअनुसार ४० प्रतिशतसम्म अङ्क ल्याउने ५४, ४०-५० प्रतिशतसम्म अङ्क ल्याउने ३०, ५०-६० प्रतिशतसम्म अङ्क ल्याउने १०, ६० प्रतिशतभन्दा माथि अङ्क ल्याउने ६ प्रतिशत रहेको पाइयो ।

### ४.१.१ विषयवस्तुको आधारमा

विषयवस्तुको आधारमा काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तथ्याङ्कीय स्वरूपलाई विद्यार्थी समूहमा श्रेणी र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६ | ६ | १० | १० | ३० | ३० | ५४ | ५४ |

माथिको तालिकाअनुसार जम्मा विद्यार्थीको सङ्ख्या १०० जना रहेको छ । उत्तम ६ जना प्रतिशतमा ६, मध्यम १० जना अर्थात् १० प्रतिशत सामान्य ३० जना अर्थात् ३०% र

निम्नमा ५४ जना अर्थात् ५४% रहेको पाइन्छ । यसरी माथिको तालिकालाई हेर्दा विद्यार्थीहरूको विषयवस्तुको प्रयोग गराइ धेरै जसको राम्रो नरहेको पाइन्छ भने केहीले मात्र विषयवस्तु राम्रो राख्न सकेको देखियो ।


**चित्र नं. ३**

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




**चित्र नं. ४**

**समग्र विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने ६ प्रतिशत मध्यम अङ्क ल्याउने १० प्रतिशत, सामान्य अङ्क ल्याउने ३० प्रतिशत र निम्न अङ्क ल्याउने ५४ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ४.१.२ क्रमबद्धताका आधारमा

क्रमबद्धताका आधारमा धनुषा जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तथ्याङ्कीय स्वरूपलाई विद्यार्थी समूहमा श्रेणी र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरएको छ :

**तालिका नं. ३**


**समग्र विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १७ | १७ | ३० | ३० | २० | २० | ३३ | ३३ |

उपर्युक्त तालिकाअनुसार जम्मा विद्यार्थी सङ्ख्यामध्ये उत्तममा १७ जना अर्थात् ३४ प्रतिशत, मध्यममा ३० जना अर्थात् ६० प्रतिशत, सामान्यमा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा ३३ जना अर्थात् ६६ प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा ३३ जना विद्यार्थी क्रमबद्धतामा ध्यान नदिएको पाइन्छ । माथिको तालिकालाई हेर्दा परिणाम सामान्य खालको रहेको छ ।


चित्र नं. ५

समग्र विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




चित्र नं. ५

समग्र विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने १७ प्रतिशत मध्यम अङ्क ल्याउने ३० प्रतिशत, सामान्य अङ्क ल्याउने २० प्रतिशत र निम्न अङ्क अङ्क ल्याउने ३३ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ४.१.३ वाक्यगठन र शब्दचयनका आधारमा

काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत दशवटा विद्यालयका १०० जना विद्यार्थीहरूको वाक्यगठन र शब्दचयनका आधारमा दैनिकी लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४


**समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १६ | १६ | ३७ | ३७ | २० | २० | २७ | २७ |

प्रस्तुत तालिकाअनुसार वाक्यगठन र शब्दचयनका आधारमा १०० जना विद्यार्थीहरूमध्ये उत्तममा १० जना अर्थात् १० प्रतिशत, मध्यममा ३७ जना अर्थात् ३७ प्रतिशत, सामान्यमा २५ जना अर्थात् २५ प्रतिशत रहेको पाइन्छ । माथिको तालिकालाई हेर्दा वाक्यगठन र शब्दचयनको आधारमा विद्यार्थीको समग्र दैनिकी लेखन क्षमता सामान्य खालको नतिजा प्राप्त भएको छ ।


चित्र नं. ७

समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




चित्र नं. ८

समग्र विद्यार्थीहरूले वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको चित्र अनुसार उत्तम अङ्क ल्याउने १६ प्रतिशत, मध्यम अङ्क ल्याउने ३७% सामान्य अङ्क ल्याउने २०% र निम्न अङ्क ल्याउने २७ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ४.१.४ मौलिकताका आधारमा

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको मौलिकताका आधारमा दैनिकी लेखन क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५**


**समग्र विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६ | ६ | २४ | २४ | ३० | ३० | ४० | ४० |

प्रस्तुत तालिकाअनुसार उत्तममा ६ जना अर्थात् ६ प्रतिशत, मध्यममा २४ जना २४ प्रतिशत सामान्यमा ३० जना ३० प्रतिशत र निम्नमा ४० जना अर्थात् ४० प्रतिशत रहेको पाइन्छ । प्रस्तुत तालिकालाई हेर्दा ४० जना विद्यार्थीले मौलिकताको प्रयोगमा खासै ख्याल नगरेको पाइन्छ । अरू विद्यार्थीले पनि खासै ध्यान नदिएको पाइयो ।


**चित्र नं. ९**

**समग्र विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



चित्र नं. १०

समग्र विद्यार्थीहरूले मौलिकताका आधारमार प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार उत्तम अङ्क ल्याउने ६ प्रतिशत, मध्यम अङ्क ल्याउने २४ प्रतिशत, सामान्य अङ्क ल्याउने ३० प्रतिशत र निम्न अङ्क ल्याउने ४० प्रतिशत विद्यार्थी रहेको पाइयो ।

# अध्याय पाँच

# विद्यालयको प्रकृतिका आधारमा दैनिकी लेखन क्षमताको अध्ययन

## ५.१ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थितिलाई उनीहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क र त्यसको औसत अङ्कलाई आधार मानी तालिकामा प्रस्तुत गरिएको छ ।

यसमा $(\bar{X}) = \frac{\Sigma X}{N}$ सूत्रको प्रयोग गरेर औसताङ्क निकालिएको छ ।

सामुदायिक विद्यालयमा विद्यार्थीको प्रकृतिलाई हेर्दा निम्नानुसारको औसताङ्क आएको पाइन्छ :

$$(\bar{X}) = \frac{\Sigma X}{N}$$

$$= \frac{१९३९}{५०}$$

$$= ३८.७८$$

संस्थागत विद्यालयमा विद्यार्थीको प्रकृतिलाई हेर्दा निम्नानुसारको औसताङ्क आएको पाइन्छ :

$$(\bar{X}) = \frac{\Sigma X}{N}$$

$$= \frac{२०६९}{५०}$$

$$= ४०.६२$$

माथिको विश्लेषणलाई हेर्दा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क १९३९ र संस्थागत विद्यालयका जम्मा ५० जना विद्यार्थीको प्राप्ताङ्क २०६९ रहेको पाइन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको औसताङ्क ३८.७८ र

संस्थागत विद्यालयका विद्यार्थीको औसताङ्क ४०.६२ रहेको पाइन्छ । प्रस्तुत विद्यालयीय तथ्याङ्कलाई प्राप्ताङ्क र प्रतिशतका आधारमा तलका तालिकामा उल्लेख गरिएको छ ।


**तालिका नं. ६**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको औसताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| सामुदायिक | ५० | १९३९ | ३८.७८ |
| संस्थागत | ५० | २०६९ | ४०.६२ |

**चित्र नं. ११**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको औसताङ्क**




उपर्युक्त तालिकाको आधारमा तुलनात्मक रूपमा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमता कमजोर रहेको देखिन्छ । यस अध्ययनमा १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । सामुदायिक विद्यालयका ५० र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई जम्मा १०० पूर्णाङ्क कायम गरिएको छ । सामुपदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको योगफल १९३९ रहेको छ । यसको आधारमा विद्यार्थीले ३८.७८ प्रतिशत अङ्क ल्याएका छन् । त्यसैगरी

संस्थागत विद्यालयका जममा ५० जना विद्यार्थीहरूको कुल योगफल २०६९ रहेको छ । यसको आधारमा विद्यार्थीले ४०.३२ प्रतिशत अङ्क ल्याएका छन् । यसरी यस तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थात विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी देखिएकाले यसको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकीलेखन क्ष्ँमता बढी रहेको पाइन्छ ।

यसरी दैनिकी लेखन क्षमताको व्याख्या तथा विश्लेषण गर्दा प्राप्त परिणामलाई विभिन्न आधारमा विश्लेषण गरिएको छ । विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन, मौलिकता आदि पक्षहरूबाट प्राप्त नतिजालाई चारवटा श्रेणीमा विभाजन गरी एक आपसमा तुलना गरिएको छ ।

### ५.१.१ विषयवस्तुको आधारमा

कक्षा छनोटमा परेका धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत नमुना छनोटमा परेका जम्मा १०० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमता अध्ययन गर्ने क्रममा ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन तालिका तल प्रस्तुत गरिएको छ :

**तालिका नं. ७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ४ | ८ | ५ | १० | ८ | १६ | ३३ | ६६ |
| संस्थागत | ५० | ६ | १२ | ७ | १४ | १० | २० | २७ | ५४ |

उपर्युक्त तालिकामा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूमध्ये ४ जना उत्तम, ५ जना मध्यम ८ जना सामान्य र ३३ जना निम्नमा आएका छन् । यिनीहरूको

प्रतिशत ८, १०, १६, ६६ रहेको छ । यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये ६ जना उत्तम, ७ जना मध्यम १० जना सामान्य र २७ जना निम्नमा रहेका छन् । यिनीहरूको प्रतिशत क्रमशः १२, १४, २०, ५४ रहेको छ । माथिको परिणामलाई हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीको दैनिकी लेखन क्षमता केही बढी रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता थोरै कमजोर देखिएका पाइन्छ ।

## चित्र नं. १२

## सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने १० प्रतिशत, सामान्य अङ्क ल्याउने १६ प्रतिशत र निम्न अङ्क ल्याउने ६६ प्रतिशत विद्यार्थी रहेको पाइयो । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १२ प्रतिशत मध्यम अङ्क ल्याउने १४ प्रतिशत सामान्य अङ्क ल्याउने २० प्रतिशत र निम्न अङ्क ल्याउने ५४ प्रतिशत विद्यार्थी रहेको पाइयो ।

### ५.१.२ क्रमबद्धताका आधारमा

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको क्रमबद्धताको आधारमा गरिएको तुलना तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ८

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | २० | ४० | ९ | १८ | ४ | ८ | १७ | ३४ |
| संस्थागत | ५० | २४ | ४८ | १२ | २४ | ५ | १० | ९ | १८ |

यसरी क्रमबद्धताका आधारमा दैनिकी लेखन क्षमतालाई हेर्दा सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूमध्ये २० जना उत्तम ९ जना मध्यम ४ जना सामान्य र १७ जना निम्नमा देखिन्छन् । उनीहरूको क्रमशः ४०, १८, ८, ३४ प्रतिशत रहेको छ । संस्थागत विद्यालयको जममा ५० जना विद्यार्थीमध्ये उत्तम २४ अर्थात् ४८ प्रतिशत, मध्यम १२ जना अर्थात् २४ प्रतिशत सामान्य ५ जना अर्थात् १० प्रतिशत निम्न ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् ।

यसरी उक्त नतिजालाई त्यति राम्रो मान्न नसकिए तापनि सन्तोषजनक नै रहेको छ भन्न सकिन्छ ।

चित्र नं. १३

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले क्रमबद्धता आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ४० प्रतिशत, मध्यम अङ्क ल्याउने १८ प्रतिशत, सामान्य अङ्क ल्याउने ८ प्रतिशत निम्न अङ्क ल्याउने, ३४ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ४८ प्रतिशत मध्यम अङ्क ल्याउने २४ प्रतिशत, सामान्य अङ्क ल्याउने १० प्रतिशत र निम्न अङ्क ल्याउने १८ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### ५.१.३ शब्दचयन र वाक्यगठनका आधारमा

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दचयन र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको दैनिक लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९


सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले शब्दचयन र वाक्यगठनका आधारमा प्राप्त गरेका प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ७ | १४ | १३ | २६ | ११ | २२ | १९ | ३८ |
| संस्थागत | ५० | १९ | १८ | १८ | ३६ | १२ | २४ | ११ | २२ |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका जम्मा ५० जना विद्यार्थीमध्ये ७ जना उत्तम अर्थात् १४ प्रतिशत, १४ जना मध्यम अर्थात् २६ प्रतिशत, ११  जना सामान्य अर्थात् २२ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयका जममा ५० जना मध्यम अर्थात् ३६ प्रतिशत १२ जना सामान्य अर्थात् २४ प्रतिशत र निम्न ११ जना २२ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीका शब्दचयन र वाक्यगठन प्रयोग गराइ बढी देखिन्छ ।

चित्र नं. १४

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले शब्दचयन र वाक्यगठनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १४ प्रतिशत मध्यम अङ्क ल्याउने २६ प्रतिशत सामान्य अङ्क ल्याउने २२ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १८ प्रतिशत, मध्यम अङ्क ल्याउने ३६ प्रतिशत सामान्य अङ्क ल्याउने २४ प्रतिशत र निम्न अङ्क ल्याउने २२ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### **५.१.४ मौलिकताका आधारमा**

मौलिकताका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १०


**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | ५० | ४ | ८ | १४ | २८ | १२ | २४ | २० | ४० |
| संस्थागत | ५० | ६ | १२ | ८ | १६ | २० | ४० | १६ | ३२ |

प्रस्तुत अध्ययनअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा १४ जना अर्थात् २८ प्रतिशत, निम्नमा २० जना अर्थात् ४० प्रतिशत रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूमध्ये उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा ८ जना अर्थात् १६ प्रतिशत, सामान्यमा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा १६ जना अर्थात् ३२ प्रतिशत रहेको देखिन्छ । दैनिकी लेखनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मौलिकतामा केही भिन्नता रहेको पाइन्छ । यस अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको मौलिकताको प्रयोग सन्तोषजनक रहेको पाइए पनि संस्थागत विद्यालयका विद्यार्थीहरुको नतिजा सन्तोषजनक देखिँदैन । यस अध्ययनमा मौलिकताको प्रयोग सन्तोषजनक रहेको पाइयो । यस अध्ययनमा मौलिकताको प्रयोग सन्तोषजनक नरहेको पाइन्छ ।

चित्र नं. १५

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत मध्यम अङ्क ल्याउने २८ प्रतिशत, सामान्य अङ्क ल्याउने २४ र निम्न अङ्क ल्याउने ४० प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क १२ प्रतिशत, मध्यम अङ्क ल्याउने १६ प्रतिशत, सामान्य अङ्क ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने ३२ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

# अध्याय छ

# लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमता

## ६.१ छात्र र छात्राको दैनिकी लेखन क्षमताको स्थिति

यस अध्ययनमा धनुषा जिल्लामा अध्ययनरत जम्मा १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको दैनिकी लेखन क्षमता प्रस्तुत गरिएको छ । यस अध्ययनमा लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको स्थितिको अन्तर के कस्तो रहेको छ भनेर पत्ता लगाउने कोसिस गरिएको छ । अध्ययनबाट देखिएका कुरालाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. ११


छात्र र छात्राको दैनिकी लेखनमा प्राप्त गरेको प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | कुल प्राप्ताङ्क | औषताङ्क |
|---|---|---|---|
| छात्र | ५० | २१५९ | ४३.१८ |
| छात्रा | ५० | २३४५ | ४६.९ |

माथिको तालिकालाई हेर्दा १० वटै विद्यालयका जम्मा ५० जना छात्रहरूको कुल प्रापताङ्क २१५९ र १० वटै विद्यालयका ५० जना छात्राहरूको कुल प्राप्ताङ्क २३४५ रहेको पाइन्छ । यसरी हेर्दा छात्राको औसताङ्क ४३.१८ र छात्राको औसताङ्क ४६.९ रहेको पाइन्छ । यसलाई निम्नानुसारको स्तम्भ चित्रबाट स्पष्ट पारिएको छ :

चित्र नं. १६

छात्र र छात्राको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




यस अध्ययनमा धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत जममा १०० जना विद्यार्थीहरूमध्ये छात्रहरूको सङ्ख्या र छात्राहरूको सङ्ख्या ५० रहेको छ जसमध्ये छात्रको कुल प्राप्ताङ्क २१५९ रहेको छ र छात्राहरूको कुल प्राप्ताङ्क २३४५ रहेको छ । तुलनात्मक समूहको समग्र प्रतिशत रहेको छ र छात्रको औषताङ्क ४३.१८ र छात्रको औषताङ्क ४६.९ रहेको छ । यहाँ औसताङ्क ( $\overline{X}) = \frac{\Sigma X}{N}$ सूत्रको प्रयोग गरेर निकालिएको छ ।

दैनिकी लेखन क्षमताको विश्लेषण गर्दा अपनाइरहेका तत्वहरू विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गरिएको छ ।

### ६.१.१ विषयवस्तुका आधारमा

विषयवस्तुका आधारमा विद्यार्थीहरूको लैङ्गिकताको तुलनात्मक अध्ययनलाई तलको तालिकाबाट प्राप्त पार्न सकिन्छ :

तालिका नं. १२


**छात्र र छात्राको विषयवस्तु आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ७ | १४ | १४ | २८ | २० | ४० | ९ | १८ |
| छात्रा | ५० | १२ | २४ | १५ | ३० | १३ | २६ | १० | २० |

विषयवस्तुको आधारमा छात्र र छात्राबिच तुलना गर्दा दैनिकी लेखनमा खासै अन्तर नदेखिएको पाइयो । यस अध्ययनमा छात्रको सङ्ख्या ५० र छात्राको सङ्ख्या ५० रहेको छ । जम्मा ५० जना छात्रमध्ये उत्तममा ७ जना अर्थात् १४ प्रतिशत मध्यममा १४ जना अर्थात् २८ प्रतिशत, सामान्यमा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेको छ । त्यसैगरी जम्मा ५० जना छात्रामध्ये उत्तममा १२ जना अर्थात् २४ प्रतिशत, मध्यममा १५ जना अर्थात् ३० प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा १० जना अर्थात् २० प्रतिशत रहेको छ । तुलनात्मक रूपमा छात्र र छात्राको विषयवस्तुको प्रयोग गराई सामान्य नै रहेको पाइन्छ ।

चित्र नं. १७

**छात्र र छात्राको विषयवस्तुको आधारमा प्राप्त गरेको प्राप्ताङ्क**



माथिको चित्रअनुसार छात्र विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १४ प्रतिशत, मध्यम अङ्क ल्याउने २८ प्रतिशत, सामान्य अङ्क ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने १८ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी छात्रा विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने २४ प्रतिशत मध्यम अङ्क ल्याउने ३० प्रतिशत, सामान्य अङ्क ल्याउने २६ प्रतिशत र निम्न अङ्क ल्याउने २० प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### ६.१.२ क्रमबद्धताका आधारमा

लैङ्गिकताका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूले क्रमबद्धताको के कस्तो स्थिति रहेको छ भन्ने कुरालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १३**


**छात्र र छात्राको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ४ | ८ | ११ | २२ | १८ | ३६ | १२ | २४ |
| छात्रा | ५० | ५ | १० | १३ | २६ | १५ | ३० | १७ | ३४ |

क्रमबद्धताका आधारमा छात्र र छात्राको दैनिकी लेखन क्षमताको तुलना गर्दा जम्मा ५० जना छात्रमध्ये उत्तम ४ जना मध्यममा ११ जना, सामान्यमा १८ जना र निम्नमा १२ जना रहेका छन् । यिनीहरूको प्रतिशत क्रमशः ८, २२, ३६, २४ रहेको छ । त्यसैगरी छात्रातर्फ जम्मा ५० जनामध्ये उत्तममा ५ जना, मध्यममा १३ जना, सामान्यमा १५ जना, निम्नमा १७ जना रहेका छन् । यिनीहरूको प्रतिशत क्रमशः १०, २६, ४०, ३४ रहेको छ । यसरी क्रमबद्धताका आधारमा छात्र र छात्राबिच तुलना गर्दा छात्रको तुलनामा छात्राको बढी रहेपनि समग्रमा दैनिकी लेखनमा क्रमबद्धतालाई दुबै पक्षले ध्यान नदिएको पाइन्छ ।

चित्र नं. १८

छात्र र छात्राको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार छात्र विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने २२ प्रतिशत, सामान्य अङ्क ल्याउने ३६ प्रतिशत र निम्न अङ्क ल्याउने २४ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी छात्रा विद्यालयका विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने, १० प्रतिशत मध्यम अङ्क ल्याउने २६ प्रतिशत सामान्य ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने ३४ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### ६.१.३ वाक्यगठन र शब्दचयनका आधारमा

छात्र र छात्राबिच दैनिकी लेखनमा वाक्यगठन र शब्दचयनको प्रयोग क्षमतालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १४


छात्र र छात्राको वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | १० | २० | ८ | १६ | २७ | ५४ | ५ | १० |
| छात्रा | ५० | ७ | १४ | १३ | २६ | २० | ४० | १० | २० |

माथि उल्लेखित तालिकालाई हेर्दा ५० जना छात्रमध्ये १० जना उत्तम अर्थात् २० प्रतिशत, मध्यममा ८ जना अर्थात् १६ प्रतिशत, सामान्य २७ जना अर्थात् ५४ प्रतिशत र निम्नमा ५ जना अर्थात् १० प्रतिशत रहेका छन् । त्यसैगरी ५० जना छात्रामध्ये उत्तममा ७ जना अर्थात् १४ प्रतिशत मध्यममा १३ जना अर्थात् २६ प्रतिशत सामान्यमा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा १० जना अर्थात् २० प्रतिशत रहेका छन् । यस आधारलाई तुलनात्मक रूपमा हेर्दा छात्राको भन्दा छात्रको वाक्यठन र शब्दचयन क्षमता राम्रो रहेको देखिन्छ ।

**चित्र १९**

**छात्र र छात्राको वाक्यगठन र शब्दचयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार छात्र विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने २० प्रतिशत, मध्यम अङ्क अङ्क ल्याउने १६ प्रतिशत, सामान्य अङ्क ल्याउने ५४ प्रतिशत र निम्न अङ्क ल्याउने १० प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी छात्रा विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १४ प्रतिशत, मध्यम अङ्क ल्याउने २६ प्रतिशत, सामान्य अङ्क ल्याउने ४० प्रतिशत र निम्न अङ्क ल्याउने २० प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### ६.१.४ मौलिकताका आधारमा

धनुषा जिल्ला कक्षा नौमा अध्ययनरत नमुना छनोटमा परेका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको दैनिकी लेखनमा मौलिकताका आधारमा छात्र र छात्राबिच गरिएको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १५


**छात्र र छात्राको मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ५ | १० | ७ | १४ | १२ | २४ | २६ | ५२ |
| छात्रा | ५० | ४ | ८ | ६ | १२ | १८ | ३६ | २२ | ४४ |

मौलिकताका आधारमा जम्मा ५० जना छात्रमध्ये उत्तममा ५ जना अर्थात् १० प्रतिशत, मध्यममा ७ ज ना अर्थात् १४ प्रतिशत, सामान्यमा १२ जना अर्थात् २४ प्रतिशत र निम्नमा २६ जना अर्थात् ५२ प्रतिशत रहेका छन् । त्यसै गरी जम्मा ५० जना छात्रामध्ये उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा ६ जना अर्थात् १२ प्रतिशत, सामान्यमा १८ जना अर्थात् ३६ प्रतिशत र निम्नमा २२ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई दैनिकी लेखन क्षमताको अध्ययन गर्ने क्रममा मौलिकतामा त्यति ध्यान नदिएको पाइन्छ ।

चित्र नं. २०

छात्र र छात्राको मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार छात्र विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १० प्रतिशत, मध्यम अङ्क ल्याउने १४ प्रतिशत सामान्य अङ्क ल्याउने २४ प्रतिशत र निम्न अङ्क ल्याउने ५२ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी छात्रा विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने १२ प्रतिशत, सामान्य अङ्क ल्याउने ३६ प्रतिशत र निम्न अङ्क ल्याउने ४४ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

# अध्याय सात

# भाषिक पृष्ठभूमिका आधारमा दैनिकी लेखन क्षमताको अध्ययन

## ७.१ नेपाली मातृभाषी विद्यार्थी र अन्य मातृभाषी विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति

नेपाली मातृभाषी विद्यार्थी र अन्य मातृभाषी विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति

नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको स्थितिलाई उनीहरूले प्राप्त गरेको जम्मा प्राप्ताङ्क र त्यसको औसत अङ्कलाई आधार मानी तालिकामा प्रस्तुत गरिएको छ।

यसमा ( $\overline{X}) = \frac{\Sigma X}{N}$ सूत्रको प्रयोग गरेर औसताङ्क निकालिएको छ।

नेपाली मातृभाषी विद्यार्थीहरूलाई हेर्दा निम्नानुसारको औसताङ्क आएको पाइन्छ :

$$(\overline{X}) = \frac{\Sigma X}{N}$$

$$= \frac{२०८४}{५०}$$

$$= ४१.६८$$

त्यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूलाई हेर्दा निम्नानुसारको औसताङ्क आएको पाइन्छ :

$$(\overline{X}) = \frac{\Sigma X}{N}$$

$$= \frac{१८८१}{५०}$$

$$= ३७.६२$$

माथिको विश्लेषणलाई हेर्दा नेपाली मातृभाषी भएका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क २०८४ र अन्य मातृभाषी भएका जम्मा ५० जना विद्यार्थीहरूको प्राप्ताङ्क ११८१

रहेको पाइन्छ । यसरी हेर्दा नेपाली मातृभाषी भएका विद्यार्थीहरूको औसताङ्क ४१.६८ र अन्य मातृभाषी भएका विद्यार्थीहरूको औसताङ्क ३७.६२ रहेको पाइन्छ । प्रस्तुत विद्यालयीय तथ्याङ्कलाई प्राप्ताङ्क र प्रतिशतका आधारमा तलको तालिकामा उल्लेख गरिएको छ ।


**तालिका नं. १६**

**नेपाली मातृभाषी विद्यार्थी र अन्य मातृभाषी विद्यार्थीले प्राप्ताङ्क गरेको औसताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|
| नेपाली मातृभाषी | ५० | २०८४ | ४१.६८ |
| अन्य मातृभाषी | ५० | ११८१ | ३७.६२ |

**चित्र नं. २१**

**नेपाली मातृभाषी विद्यार्थी र अन्य मातृभाषी विद्यार्थीले प्राप्ताङ्क गरेको औसताङ्क**




उपर्युक्त ताीलकाको आधारमा तुलनात्मक रूपमा नेपाली मातृभाषी विद्यार्थी भन्दा अन्य मातृभाषी विद्यार्थीको दैनिकी लेखन क्षमता कमजोर रहेको देखिन्छ । यस अध्ययनमा ५० जना नेपाली मातृभाषी भएका विद्यार्थीहरू रहेका पाइन्छ भने ५० जना अन्य मातृभाषी

भएका विद्यार्थीहरू रहेको पाइन्छ । यसको आधारमा नेपाली मातृभाषी विद्यार्थीले ४१.६८ प्रतिशत अङ्क ल्याएका छन् । यसरी यस तथ्याङ्कलाई विश्लेषण गर्दा अन्य मातृभाषी विद्यार्थी भन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको प्राप्ताङ्क बढी देखिएकोले यसको आधारमा अन्य मातृभाषी विद्यार्थीको दैनिकी लेखन क्षमताभन्दा नेपाली मातृभाषी भएका विद्यार्थीहरूको दैनिकी लेखन क्षमता बढी रहेको पाइन्छ । दैनिकी लेखन क्षमताको विश्लेषण गर्दा अपनाइएको तत्वहरू विषयवस्तु, क्रमबद्धता, वाक्यगठन र मौलिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलना गरिएको छ ।

### ७.१.१ विषयवस्तुका आधारमा

नेपाली मातृभाषी विद्यार्थी ५० जना र अन्य मातृभाषी विद्यार्थी ५० जनाको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन तालिका तल प्रस्तुत गरिएको छ :

तालिका नं. १७

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ५० | ४ | ८ | ५ | १० | ११ | २२ | ३० | ६७ |
| अन्य मातृभाषी | ५० | २ | ४ | ४ | ८ | १० | २० | ३४ | ६८ |

उपर्युक्त तालिकामा नेपाली मातृभाषी भएका जम्मा ५० जना विद्यार्थीहरूमध्ये ४ जना उत्तम, ५ जना मध्यम, ११ जना सामान्य र ३० जना निम्नमा आएका छन् । यिनीहरूको प्रतिशत ८, १०, २२ र ६० रहेको छ । यसैगरी अन्य मातृभाषी भएका जम्मा ५० जना विद्यार्थीहरूमध्ये २ जना उत्तम, ४ जना मध्यम, १० जना सामान्य र ३४ जना निम्नमा रहेका छन् । यिनीहरूको प्रतिशत क्रमशः ४, ८, २० र ६८ रहेको छ । माथिको

परिणामलाई हेर्दा अन्य मातृभाषी विद्यार्थी भन्दा नेपाली मातृभाषी रहेका विद्यार्थीहरूको दैनिक लेखन क्षमता केही बढी रहेको देखियो । अन्य मातृभाषी विद्यार्थीहरूको दैनिकी लेखन क्षमता थोरै कमजोर देखिएको पाइन्छ ।

चित्र नं. २२

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूले विषयवस्तुका आधारमा प्राप्त गरेका प्राप्ताङ्क**




माथिको चित्रअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ८ प्रतिशत, मध्यम अङ्क ल्याउने १० प्रतिशत, सामान्य अङ्क ल्याउने २२ प्रतिशत र निम्न अङ्क ल्याउने ३० प्रतिशत विद्यार्थीहरू रहेको पाइन्छ । त्यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ४ प्रतिशत, मध्यम अङ्क ल्याउने ८ प्रतिशत, सामान्य अङ्क ल्याउने २० प्रतिशत र निम्न अङ्क ल्याउने ६८ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### ७.१.२ क्रमबद्धता आधारमा

नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको क्रमबद्धताका आधारमा गरिएको तुलना तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. १८


## नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ५० | २३ | ४६ | १२ | २४ | ९ | १८ | ६ | १२ |
| अन्य मातृभाषी | ५० | १९ | ३८ | ६ | १२ | ७ | १४ | १८ | ३६ |

यसरी क्रमबद्धताको आधारमा दैनिकी लेखना क्षमतालाई हेर्दा नेपाली मातृभाषी जम्मा ५० जना विद्यार्थी मध्य`२३ जना उत्तम, १२ जना मध्यम, ९ जना सामान्य, ६ जना निम्नमा देखिन्छन् । उनीहरूको क्रमशः ४६, २४, १८, १२ प्रतिशत रहेको छ । अन्य मातृभाषी जम्मा ५० जना विद्यार्थीहरूमध्ये उत्तम १९ जना, मध्यम ६ जना, सामान्य ७ जना र निम्न १८ जना देखिन्छन् । उनीहरूको क्रमशः ३८, १२, १४ र ३६ प्रतिशत रहेको छ ।

## चित्र नं. २३

## नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको क्रमबद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क



माथिको चित्रअनुसार नेपाली मातृभाषी विद्यार्थीमध्ये उत्तम अङ्क ल्याउने ४६ प्रतिशत, मध्यम अङ्क ल्याउने २४ प्रतिशत, सामान्य अङ्क ल्याउने १८ प्रतिशत र निम्न अङ्क ल्याउने १२ प्रतिशत विद्यार्थी रहेको पाइन्छ। त्यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ३८ प्रतिशत मध्यम अङ्क ल्याउने १२ प्रतिशत, सामान्य अङ्क ल्याउने १४ प्रतिशत र निम्न अङ्क ल्याउने ३६ प्रतिशत विद्यार्थी रहेको पाइन्छ।

### ७.१.३ शब्दचयन र वाक्यगठनका आधारमा

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दचयन र वाक्यगठनका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. १९

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूले शब्दचयन र वाक्यगठनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**


| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ५० | ९ | १८ | १८ | ३६ | १५ | ३० | ८ | १६ |
| अन्य मातृभाषी | ५० | ५ | १० | १० | २० | २२ | ४४ | १३ | २६ |

माथिको तालिकाअनुसार नेपाली मातृभाषी जम्मा ५० जना विद्यार्थीमध्ये् ९ जना उत्तम अर्थात् १८ प्रतिशत, १८ जना मध्यम अर्थात् ३६ प्रतिशत १५ जना सामान्य अर्थात् ३० प्रतिशत र ८ जना निम्न अर्थात् १६ प्रतिशत रहेको देखिन्छ। त्यसैगरी अन्य मातृभाषी जम्मा ५० विद्यार्थीहरूमध्ये ५ जना उत्तम अर्थात् १० प्रतिशत, १० जना मध्यम अर्थात् २० प्रतिशत, २२ जना सामान्य अर्थात् ४४ प्रतिशत र १३ जना निम्न अर्थात् २६ प्रतिशत रहेको

देखिन्छ । यसरी हेर्दा अन्य मातृभाषी विद्यार्थीभन्दा नेपाली मातृभाषी विद्यार्थीका शब्दचयन र वाक्यगठन प्रयोग गराई बढी देखिन्छ ।

**चित्र नं. २४**

**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूले शब्दचयन र वाक्यगठनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**




माथिको चित्रअनुसार नेपाली मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १८ प्रतिशत, मध्यम अङ्क ल्याउने ३६ प्रतिशत सामान्य अङ्क ल्याउने ३० प्रतिशत र निम्न अङ्क ल्याउने १६ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । अन्य मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १० प्रतिशत, मध्यम अङ्क ल्याउने २० प्रतिशत, सामान्य अङ्क ल्याउने ४४ प्रतिशत र निम्न अङ्क ल्याउने २६ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

### ७.१.४ मौलिकताका आधारमा

मौलिकताका आधारमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको तुलनात्मक अध्ययन तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २०


**नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

| तुलनात्मक समूह | जम्मा विद्यार्थी सङ्ख्या | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | सामान्य | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ५० | ६ | १२ | १२ | २४ | १३ | २६ | १९ | ३८ |
| अन्य मातृभाषी | ५० | २ | ४ | ७ | १४ | २२ | ४४ | १९ | ३८ |

प्रस्तुत अध्ययनअनुसार ५० जना नेपाली मातृभाषी र विद्यार्थीहरूमध्ये उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा १२  जना अर्थात् २४ प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेको छ । त्यसैगरी अन्य मातृभाषी विद्यालयका ५० जना विद्यार्थीमध्ये उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा १२ जना अर्थात् २४ प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेको देखिन्छ । दैनिकी लेखनमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको मौलिकताको प्रयोग सन्तोषजनक नरहेको पाइन्छ ।

चित्र नं. २५

नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क




माथिको चित्रअनुसार नेपाली नेपाली मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने १२ प्रतिशत, मध्यम अङ्क ल्याउने २४ प्रतिशत, सामान्य अङ्क ल्याउने २६ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थी रहेको पाइन्छ । त्यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूमध्ये उत्तम अङ्क ल्याउने ४ प्रतिशत, मध्यम अङ्क ल्याउने १४ प्रतिशत, सामान्य अङ्क ल्याउने ४४ प्रतिशत र निम्न अङ्क ल्याउने ३८ प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

## ७.२ समग्र विद्यार्थीहरूको जम्मा प्राप्ताङ्कको मध्यमान र मानक विचलन

माथि विभिन्न शीर्षकमा तुलना गरिएको सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्कलाई आधार मानी त्यसको मध्यक र मानक विचलन निकाली विद्यार्थीहरूको दैनिकी लेखन क्षमताका स्तरको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका २१

समग्र विद्यार्थीहरूको जम्मा प्राप्ताङ्कको मध्यमान र मानक विचलन

| प्राप्ताङ्क (X) | मध्यविन्दु (M) | बारम्बारता (f) | $d' = \frac{m-a}{h}$ | fd' | $fd'^2$ |
|---|---|---|---|---|---|
| २०-२५ | २२.५ | ६ | -४ | -२४ | ९६ |
| २५-३० | २७.५ | १६ | -३ | -४८ | १४४ |
| ३०-३५ | ३२.५ | २० | -२ | -४० | ८० |
| ३५-४० | ३७.५ | १५ | -१ | -१५ | १५ |
| ४०-४५ | ४२.५ | २० | ० | ० | ० |
| ४५-५० | ४७.५ | ११ | १ | ११ | ११ |
| ५०-५५ | ५२.५ | ९ | २ | १८ | ३६ |
| ५५-६० | ५७.५ | १ | ३ | ३ | ९ |
| ६०-६५ | ६२.५ | २ | ४ | ८ | ३२ |
| | | Σf = १०० | | Σfd' = -८७ | $\Sigma fd'^2$ = ४२२ |

मध्यक ( $\overline{X}$) $= A + \frac{\Sigma fd'}{N} \times h$

$$= 42.5 + \frac{(-87)}{100} \times 5$$

$$= 42.5 - 4.35$$

$$= 38.15$$

मानक विचलन ($\sigma$) $= \sqrt{\frac{\Sigma fd'^2}{N} - \left(\frac{\Sigma fd'}{N}\right)^2} \times h$

$$= \sqrt{\frac{४२२}{१००} - \left(\frac{-८७}{१००}\right)^{२}} \times ५$$

$$= \sqrt{\frac{४२२}{१००} - \frac{७५६९}{१००}} \times ५$$

$$= \sqrt{\frac{४२२०० - ७५६९}{१००००}} \times ५$$

$$= \sqrt{\frac{३४६३१}{१००००}} \times ५$$

$$= \sqrt{३.४६३१} \times ५$$

$$= १.८६०९५ \times ५$$

$$= ९.३०४७$$

प्रस्तुत तालिकाअनुसार जम्मा विद्यार्थी सङ्ख्या १०० रहेको छ भने जम्मा प्राप्ताङ्कको मध्यमान ३८.१५ रहेको छ । मध्यमानको आधारमा विद्यार्थीको प्राप्ताङ्क सन्तुलित नै देखिन्छ। जसमा जम्मा विद्यार्थीको मानक विचलन निकाल्दा ९.३० रहेको छ।

# अध्याय आठ

# सारांश, निष्कर्ष र उपयोगिता

## ८.१ सारांश

प्रस्तुत शोधपत्र धनुषा जिल्लाभित्रका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यसमा धनुषा जिल्लाभित्रका ५ सामुदायिक र ५ संस्थागत गरी १० विद्यालयका विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको पहिचान गर्न, लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको दैनिकी लेखन क्षमताको स्थिति पहिचान गर्न, विद्यालय प्रकृतिका आधारमा दैनिकी लेखन क्षमताको स्थिति पहिचान गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूलाई अध्ययनकर्ताको प्रत्यक्ष सहभागितामा शीर्षक दिएर दैनिकी लेख्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिकालाई विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताबाट प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी व्याख्या विश्लेषण गरिएको छ ।

यस शोधकार्यलाई आठवटा अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । अध्याय एकको शोधपरिचय शीर्षकअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता, शोधको सीमाङ्कन तथा अध्ययनको रूपरेखा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । अध्ययनको पृष्ठभूमिअन्तर्गत शोध शीर्षकलाई चिलाउने क्रममा विद्यार्थीहरूको दैनिकी लेखनका बारेमा जानकारी गरिएको छ । प्रस्तुत शोधकार्यको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन सैद्धान्तिक प्रारूपको चर्चा गरिएको छ । पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणाअन्तर्गत पूर्वकार्यको पुनरावलोकनमा पुस्तकको पुनरावलोकन र शोधपत्रको पुनरावलोकन रहेको छ । यसमा दैनिकी लेखनका सैद्धान्तिक प्रारूपसँग सम्बन्धित शीर्षकहरू परिचय, आवश्यकता, प्रयोजन, लेखन प्रक्रिया, भूमिका र विशेषता जस्ता शीर्षकको बारेमा चर्चा गरिएको छ । प्रस्तुत शोधकार्यको अध्याय तीनमा शोधविधि र अध्ययन प्रक्रिया रहेको छ । जसमा जनसङ्ख्या नमुना छनोट, सामग्री सङ्कलनका स्रोत, सामग्री निर्माण, तथ्याङ्कको व्याख्या विश्लेषण र विश्लेषण र दैनिकी लेखनका परीक्षणीय आधारहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय चारमा परिचय, कक्षा नौमा अध्ययनरत समग्र विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन रहेको छ । यसभित्र समग्र विद्यार्थीहरूको विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा समग्र विद्यार्थीहरूको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यको अध्याय पाँचमा विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यसभित्र पनि सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको विषयवस्तु, क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा व्याख्या गरी तुलना गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय छमा लैङ्गिकताका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यसभित्र छात्र/छात्राको दैनिकी लेखन क्षमता विषयवस्तु क्रमबद्धता, वाक्यगठन र शब्दचयन र मौलिकताका आधारमा व्याख्या विश्लेषण गरिएको छ र छात्रछात्राको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थितिलाई समेटिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय सातमा भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यसभित्र नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको दैनिकी लेखन क्षमतालाई विषयवस्तु क्रमबद्धता, वाक्यगठन, शब्दचयन र मौलिकताका आधारमा व्याख्या विश्लेषण गरिएको छ र नेपाली, मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थितिलाई समेटिएको छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत शोधकार्य धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन तथा विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

- दैनिकी लेखन क्षमताको समग्र स्थितिलाई हेर्दा १०० जना विद्यार्थीहरूमा ४० प्रतिशतसम्म अङ्क ल्याउने ५४ जना अर्थात् ५४ प्रतिशत, ४० प्रतिशतदेखि ५० प्रतिशतसम्म अङ्क ल्याउनेको सङ्ख्या ३० जना अर्थात् ३० प्रतिशत, ५० देखि ६० प्रतिशत अङ्क ल्याउने १० जना अर्थात् १० प्रतिशत र ६० प्रतिशतभन्दा माथि ल्याउनेको सङ्ख्या ६ जना अर्थात् ६ प्रतिशत रहेको छ ।

- विषयवस्तुको आधारमा जम्मा १०० जना विद्यार्थीमध्ये उत्तममा ६ जना अर्थात् ६ प्रतिशत, मध्यममा १० जना अर्थात् १० प्रतिशत, सामान्यमा ३० जना अर्थात् ३० प्रतिशत र निम्नमा ५४ जना अर्थात् ५४ प्रतिशत रहेको छ । तथ्याङ्कअनुसार विद्यार्थीको दैनिकी लेखन क्षमता कमजोर रहेको पाइन्छ ।

- क्रमबद्धताका आधारमा उत्तममा १७ जना अर्थात् १७ प्रतिशत, मध्यममा ३० जना ३० प्रतिशत, सामान्यमा २० जना २० प्रतिशत र निम्नमा ३३ जना ३३ प्रतिशत रहेका छन् । यसको आधारमा दैनिकी लेखनमा क्रमद्धताको प्रयोग गराई सामान्य खालको रहेको देखिन्छ ।

- वाक्यगठन र शब्दचयनका दृष्टिले उत्तममा १६ जना अर्थात् १६ प्रतिशत, मध्यममा ३७ जना अर्थात् ३७ प्रतिशत, सामान्यमा २० जना अर्थात् २० प्रतिशत र निम्नमा २७ जना अर्थात् २७ प्रतिशत रहेका छन् । यसका आधारमा भन्ने हो भने दैनिकी लेखनमा वाक्यगठन र शब्दचयनको प्रयोग गराई मध्यम खालको रहेको देखिन्छ ।

- मौलिकताका दृष्टिले उत्तममा ६ जना अर्थात् ६ प्रतिशत, मध्यममा २४ ज ना २४ प्रतिशत, सामान्यमा, ३०जना अर्थात् ३० प्रतिशत र निम्नमा ४० जना अर्थात् ४० प्रतिशत विद्यार्थी रहेका छन् ।

- विद्यालयको प्रकृतिका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरू विषयवस्तुमा उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा ५ जना अर्थात् १० प्रतिशत, सामान्यमा ८ जना अर्थात् १६ प्रतिशत र निम्नमा ३३ जना अर्थात् ६६ प्रतिशत रहेका छन् । यसैगरी संस्थागत विद्यालयका विद्यार्थीमध्ये उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा७ जना अर्थात् १४ प्रतिशत, सामान्यमा १० जना अर्थात् २० प्रतिशत र निम्नमा २७ जना अर्थात् ५४ प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरू अलि अगाडि देखिए तापनि समग्रमा भने दुबै विद्यालयका विद्यार्थीहरूले विषयवस्तुमा ध्यान नदिएको पाइयो ।

- क्रमबद्धताका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूमध्ये उत्तममा २० जना अर्थात् ४० प्रतिशत, मध्यममा ९ जना अर्थात् १८ प्रतिशत, सामान्यमा ४ जना अर्थात् ८ प्रतिशत, निम्नमा १७ जना अर्थात् ३४ प्रतिशत रहेका छन् । यसैगरी संस्थागत विद्यालयको उत्तममा २४ जना अर्थात् ४८ प्रतिशत, मध्यममा १२ जना

अर्थात् २४ प्रतिशत सामान्यमा ५ जना १० प्रतिशत, निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् । क्रमबद्धताका आधारमा दैनिकी लेखन क्षमता दुबै किसिमका विद्यालयका विद्यार्थीहरूमा त्यति धेरै फरक नदेखिएको पाइयो ।

- वाक्यगठन र शब्दचयनका आधारमा सामुदायिक विद्यालयका उत्तममा ७ जना अर्थात् १४ प्रतिशत, मध्यममा १३ जना अर्थात् २६ प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत, निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् । संस्थागत विद्यालयमा उत्तममा ९ जना अर्थात् १८ प्रतिशत, मध्यममा १८ जना अर्थात् ३६ प्रतिशत, सामान्यमा १२ जना अर्थात् २४ प्रतिशत निम्नमा ११ जना अर्थात् २२ प्रतिशत रहेका छन् । सामुदायिक विद्यालयका विद्यार्थीहरू भन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको वाक्यगठन र शब्दचयनको अवस्था बढी देखिए पनि समग्रमा हेर्दा दुबै विद्यालयको मध्यम नै रहेको मान्न सकिन्छ ।

- मौलिकताका आधारमा सामुदायिक विद्यालयका उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा १४ जना अर्थात् २८ प्रतिशत, सामान्यमा १२ जना, २४ प्रतिशत, निम्नमा २० जना अर्थात् ४० प्रतिशत रहेको पाइन्छ । संस्थागततर्फ उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा ८ जना अर्थात् १६ प्रतिशत, सामान्यमा २० जना अर्थात् ४० प्रतिशत, निम्नमा १६ जना अर्थात् ३२ प्रतिशत रहेको देखिन्छ । दैनिकी लेखनमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मौलिकताको प्रयोग सन्तोषजनक रहेको पाइँदैन । यस अध्ययनमा मौलिकताको स्थिति कमजोर रहेको देखिन्छ ।

- लैङ्गिकताका आधारमा छात्रहरूमध्ये विषयवस्तुको उत्तममा ७ जना अर्थात् १४ प्रतिशत, मध्यममा १४ जना अर्थात् २८ प्रतिशत, सामान्यमा २० अर्थात् ४० प्रतिशत र निम्नमा ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् भने छात्राहरूमध्ये उत्तममा १२ जना अर्थात् २४ प्रतिशत मध्यममा १५ जना ३० प्रतिशत, सामान्य १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा १० जना अर्थात् २० प्रतिशत रहेको देखिन्छ । तुलनात्मक रूपमा छात्र र छात्राबिचको शीर्षकअनुसार विषयवस्तुको प्रयोग गराई सामान्य रहेको पाइन्छ ।

- क्रमबद्धताका आधारमा छात्रहरूमध्ये उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा ११ जना अर्थात् २२ प्रतिशत, सामान्यमा १८ जना अर्थात् ३६ प्रतिशत र निम्नमा

१२ जना अर्थात् २४ प्रतिशत छ भने छात्राहरूमध्ये उत्तममा ५ जना अर्थात् १० प्रतिशत, मध्यममा १३ जना अर्थात् २६ प्रतिशत सामान्यमा १५ जना अर्थात् ३० प्रतिशत, निम्नमा १७ जना अर्थात् ३४ प्रतिशत रहेका छन् । यसरी क्रमबद्धताका आधारमा छात्र र छात्राबिच तुलना गर्दा छात्रको तुलनामा छात्राको बढी रहे पनि समग्रमा दैनिकी लेखनको क्रमबद्धतामा दुबै पक्षले ध्यान नदिएको पाइयो ।

- वाक्यगठन र शब्दचयनका जम्मा ५० जना छात्रहरूमध्ये उत्तममा १० जना अर्थात् २० प्रतिशत, मध्यममा ८ जना अर्थात् १६ प्रतिशत, सामान्य २७ जना अर्थात् ५४ प्रतिशत, निम्नमा ५ जना अर्थात् १० प्रतिशत रहेका छन् भने छात्रातर्फ जम्मा ५० जनामध्ये उत्तममा ७ जना अर्थात् १४ प्रतिशत मध्यममा १३ जना अर्थात् २६ प्रतिशत सामान्यमा २० जना अर्थात् ४० प्रतिशत र निम्नमा १० जना अर्थात् २० प्रतिशत रहेको देखिन्छ ।

- मौलिकताका आधारमा छात्रहरूमध्ये उत्तममा ५ जना अर्थात् १० प्रतिशत, मध्यममा ७ जना अर्थात् १४ प्रतिशत, सामान्यमा १२ जना अर्थात् २४ प्रतिशत, निम्नमा २६ जना अर्थात् ५२ प्रतिशत रहेका छन् । यसैगरी छात्रातर्फ उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा ६ जना अर्थात् १२ प्रतिशत, सामान्यमा १८ जना अर्थात् ३६ प्रतिशत, निम्नमा २२ जना अर्थात् ४४ प्रतिशत रहेका छन् ।

- भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरू विषयवस्तुमा उत्तममा ४ जना अर्थात् ८ प्रतिशत, मध्यममा ५ जना अर्थात् १० प्रतिशत, सामान्यमा ११ जना अर्थात् २२ प्रतिशत र निम्नमा ३० जना अर्थात् ६० प्रतिशत रहेका छन् । यसैगरी अन्य मातृभाषी विद्यार्थीहरूमध्ये उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा ४ जना अर्थात् ८ प्रतिशत, सामान्यमा १० जना अर्थात् २० प्रतिशत र निम्नमा ३४ जना अर्थात् ६८ प्रतिशत रहेका छन् । नेपाली मातृभाषी भएका विद्यार्थीको तुलनामा अन्य मातृभाषी भएका विद्यार्थीहरूले विषयवस्तुमा ध्यान नदिएको पाइयो ।

- क्रमबद्धताका आधारमा नेपाली मातृभाषी भएका विद्यार्थीहरूमध्ये उत्तममा २३ जना अर्थात् ४६ प्रतिशत, मध्यममा १२ जना अर्थात् २४ प्रतिशत, सामान्यमा ९ जना अर्थात् १८ प्रतिशत र निम्नमा ६ जना अर्थात् १२ प्रतिशत रहेका छन् भने अन्य

मातृभाषी विद्यार्थीहरूमध्ये उत्तममा १९ जना अर्थात् ३८ प्रतिशत, मध्यममा ६ जना अर्थात् १२ प्रतिशत, सामान्यमा ७ जना अर्थात् १४ प्रतिशत र निम्नमा १८ जना अर्थात् २६ प्रतिशत विद्यार्थी रहेका छन् । क्रमबद्धताका आधारमा समेत यी दुब भाषीबीच फरक नै देखिएको पाइयो ।

- शब्दचयन र वाक्यगठनका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूमध्ये उत्तममा ९ जना अर्थात् १८ प्रतिशत, मध्यममा १८ जना अर्थात् ३६ प्रतिशत, सामान्यमा १५ जना अर्थात् ३० प्रतिशत र निम्नमा ९ जना अर्थात् १६ प्रतिशत रहेका छन् भने अन्य मातृभाषी विद्यार्थीहरूमध्ये उत्तममा ५ ज ना अर्थात् १० प्रतिशत, मध्यममा १० जना अर्थात् २० प्रतिशत, सामान्यमा २२ जना अर्थात् ४४ प्रतिशत र निम्नमा १३ जना अर्थात् २६ प्रतिशत विद्यार्थी रहेका छन् । अन्य मातृभाषी विद्यार्थीको भन्दा नेपाली मातृभाषी विद्यार्थीको शब्दचयन र वाक्यगठनको अवस्था राम्रो रहेको देखिन्छ ।
- मौलिकताका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूमध्ये उत्तममा ६ जना अर्थात् १२ प्रतिशत, मध्यममा १२ जना अर्थात् २४ प्रतिशत, सामान्यमा १३ जना अर्थात् २६ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत रहेका छन् । त्यसैगरी अन्य मातृभाषा भएका विद्यार्थीहरूमध्ये उत्तममा २ जना अर्थात् ४ प्रतिशत, मध्यममा ७ जना अर्थात् १४ प्रतिशत, सामान्यमा २२ जना अर्थात् ४४ प्रतिशत र निम्नमा १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । दैनिकी लेखनमा नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीहरूको मौलिकताको प्रयोग सन्तोषजनक रहेको देखिँदैन ।

## ८.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नो महत्त्व र उपयोगिता रहेको हुन्छ । त्यसैले प्रस्तुत अध्ययन स्थानीय परिवेशबाट राष्ट्रिय स्तरसम्म महत्त्वपूर्ण हुन सक्छ तसर्थ धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको शोध अध्ययनलाई नीतिगत र प्रयोगगत उपयोगिता गरी छुट्टाछुट्टै उल्लेख गरिएको छ :

### ८.३.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगिताहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- यस अध्ययनले विद्यार्थीहरूको लेखन क्षमता सम्बन्धमा थप अनुसन्धान गर्न आधार प्रदान गर्दछ ।
- यस अध्ययनले दैनिकी लेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्दछ ।
- विद्यार्थीका स्तर, क्षमता उमेर रुचि र आवश्यकताका आधारमा लेखन कलाको विकास गरी पृष्ठपोषण दिन सहयोग गर्दछ ।
- यस अध्ययनले दैनिकी लेखनका लागि आवश्यक पर्ने शिक्षण विधि र प्रक्रियाको छनोट गरी मूल्याङ्कनको उपयुक्त आधार प्रदान गर्न सहयोग गर्दछ ।
- यस अध्ययनले पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, परिमार्जन, परीक्षण र मूल्याङ्कन आदिका लागि ठोस आधार प्रदान गर्दछ ।

### ८.३.२ प्रयोगगत तह

प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगितालाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- यस अध्ययनले नेपाली भाषा विषयका शिक्षकलाई कक्षामा लेखाइ सीपको अभ्यास गराउन सहयोग प्रदान गर्नेछ ।
- दैनिकी लेखन कलालाई प्रभावकारी बनाउन लागि सहयोग पुऱ्याउनेछ ।
- यस अध्ययनले भाषाशिक्षण गर्न शिक्षण सामग्रीको निर्माण र प्रयोगको क्रममा पृष्ठपोषण प्रदान गर्नेछ ।
- विद्यार्थीहरूको रुचि, चाहना र आवश्यकतालाई ध्यान दिई भाषा शिक्षण कायृक्रम सञ्चलान गर्न सहयोग गर्नेछ ।
- विद्यालयमा भाषाशिक्षणअन्तर्गत नेपाली भाषाशिक्षणको लेखन कार्यअन्तर्गत दैनिकी लेखन कार्यकलापलाई महत्त्व दिनका लागि प्रोत्साहन गर्नेछ ।
- विद्यार्थीहरूलाई दैनिकी लेखन गराउँदा उपयुक्त ढाँचागत रूपमा लेखन कार्य गराउन सहयोग गर्नेछ ।

# सन्दर्भसामग्री सूची


अधिकारी, सविता (२०६८), 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, सविता (२०७४), 'रूपन्देही जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको सप्रसङ्ग व्याख्या लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँ : पाठशाला पब्लिकेसन प्रा.लि. ।

काफ्ले, सुदर्शन (२०७२), 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कार्की, अनुका (२०७१), 'सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वादविवाद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

के.सी., सरस्वती (२०७२), 'रामेछाप जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

निरौला, बलराम (२०७३), 'तेह्रथुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूका निबन्धलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, दुर्गादेवी (२०७१), 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

न्यौपाने, प्रतिमा (२०७३), 'काभ्रे जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पन्थ, रीता (२०७३), 'गुल्मी जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, नेत्रप्रसाद र खनाल, गणेशप्रसाद (२०७३), *माध्यमिक नवीन नेपाली व्याकरण,* काठमाडौँ : पैरवी प्रकाशन ।

पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बुढाथोकी, प्रमिला (२०७४), 'काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भुसाल, केशव र भट्ट, महेशप्रसाद (२०७३), *माध्यमिक शिक्षक नेपाली मार्गदर्शिका,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

मिश्र, विमला (२०७२), 'इलाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कक्षा लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

विष्ट, मंगला (२०७३), 'काठमाडौँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैकिी लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सिग्देल, राधिका (२०७२), 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयहरू

सामुदायिक विद्यालय

१. श्री जनता माध्यमिक विद्यालय, शिवपुर-२, धनुषा

२. श्री जनता माध्यमिक विद्यालय, बेल्ही, रजौल-१४, धनुषा

३. श्री संकट मोचन देवशरण रामरती माध्यमिक विद्यालय, जनकपुरधाम-४, धनुषा

४. श्री जानकी माध्यमिक विद्यालय, जनकपुर, धनुषा

५. श्री सरस्वती नमुना माध्यमिक विद्यालय, जनकपुरधाम, धनुषा

संस्थागत विद्यालय

१. मोनाष्टिक उच्च माध्यमिक विद्यालय, जनकपुरधाम, धनुषा

२. ॐ आर सि. एस स्कुल, जनकपुरधाम, धनुषा

३. धनुषा पब्लिक सेकेण्डरी बोर्डिङ स्कुल, जनकपुरधाम-१, धनुषा

४. मोर्डन ईङ्लिस सेकेण्डरी बोर्डिङ स्कुल, जनकपुरधाम, धनुषा ।

५. जानकी सेकेण्डरी बोर्डिङ स्कुल, जनकपुरधाम, धनुषा ।

## परिशिष्ट (ख)

## दैनिकी लेखनमा प्रयोग गरिएका मूल्याङ्कनका आधारहरू

| क.सं. | शीर्षक | अङ्क |
|---|---|---|
| १ | विषयवस्तु | २५ |
| २ | क्रमबद्धता | २५ |
| ३ | वाक्यगठन र शब्दचयन | ३५ |
| ४ | मौलिकता | १५ |
| | जम्मा | १०० |

## परिशिष्ट (ग)

## प्रश्नपत्रको नमुना

धनुषा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन

विद्यार्थी भाइबहिनीहरू यस प्रश्नको उत्तर शोधकार्यको लागि मात्र प्रयोग गर्ने भएकाले यो प्रश्न उत्तीर्ण र अनुत्तीर्णका लागि नभई नितान्त अनुसन्धानको लागि प्रयोग गर्ने भएकाले स्वाभाविक र मौलिक उत्तर दिनुहोला ।

विद्यालयको नामः पूर्णाङ्क : १००

विषय : नेपाली समय : ४५ मिनेट

कक्षा : ९

विद्यार्थीको नाम :

दुबै प्रश्नको उत्तर दिनुहोस् ।

१. साथीहरूसँग वनभोज मनाउन गएको एक दिनको दैनिकी लेख्नुहोस् ।

२. विद्यालयमा मनाइएको वार्षिक उत्सव कार्यक्रमको एक दिनको दैनिकी लेख्नुहोस् ।

## परिशिष्ट (घ)

## छनोटमा परेका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क

| क.सं. | विद्यार्थीको नाम र थर | प्राप्ताङ्क |
|---|---|---|
| १. | लक्ष्मण कुमार साह | ४० |
| २. | राकेश कुमार मिश्रा | ६० |
| ३. | रञ्जित कुमार पास्वान | ४२ |
| ४. | राहुल पौडेल | ३५ |
| ५. | सोन कुमार साह | ३० |
| ६. | रुबी कुमारी पन्थ | ३० |
| ७. | किरण अर्याल | ४५ |
| ८. | राखी राय | ४३ |
| ९. | करिश्मा शर्मा | ५० |
| १०. | पूर्णिमा शर्मा | ४५ |
| ११. | आदित्य कु.झा | ४० |
| १२. | राजू चौधरी | ६५ |
| १३. | अमरदीप कुमार यादव | ४२ |
| १४. | रोशन कुमार मण्डल | ४० |
| १५. | प्रकाश कुमार झा | ३० |
| १६. | अश्री शर्मा | ५५ |
| १७. | सन्जु पुन | ५२ |
| १८. | निशा गामी | ४० |
| १९. | काजल न्यौपाने | ३५ |
| २०. | तन्नु बछार | ४० |
| २१. | रंजना मिश्रा | ४० |
| २२. | श्रद्धा कर्ण | ३५ |
| २३. | काजल शाह | ३० |
| २४. | श्रुती भण्डारी | ४२ |

| क.सं. | विद्यार्थीको नाम र थर | प्राप्ताङ्क |
|---|---|---|
| २५. | अनिसा नेपाली | ४२ |
| २६. | सुभास साह | ३५ |
| २७. | सुबोध पाण्डे | ४० |
| २८. | श्रीराम तिवारी | ५५ |
| २९. | मनिस खनाल | ४३ |
| ३०. | मनिस साह | २५ |
| ३१. | किरण अर्याल | ४५ |
| ३२. | लिसा न्यौपाने | ३५ |
| ३३. | रेश्मी कँडेल | ३२ |
| ३४. | मीना परियार | ५५ |
| ३५. | सन्ध्या झा | ३५ |
| ३६. | विकास शर्मा | ४२ |
| ३७. | राकेश यादव | ३० |
| ३८. | रामभगत मखिया | ४३ |
| ३९. | सौरव यादव | ३० |
| ४०. | ललित भुसाल | ४५ |
| ४१. | किराना साह | ५५ |
| ४२. | घनश्याम ज्ञवाली | ५५ |
| ४३. | संगम मण्डल | ६५ |
| ४४. | केशव भट्टराई | ५५ |
| ४५. | सुरज शर्मा | ५० |
| ४६. | सोनी कँडेल | ४५ |
| ४७. | शालनी गामी | २५ |
| ४८. | सपना साह | ३० |

| क.सं. | विद्यार्थीको नाम र थर | प्राप्ताङ्क |
|---|---|---|
| ४९. | आरती पोखरेल | ४० |
| ५०. | भावना यादव | ५२ |
| ५१. | पूजा ज्ञवाली | ४३ |
| ५२. | मेहजबीन नुरी | ३२ |
| ५३. | निकिता पण्डित | ३५ |
| ५४. | सन्ध्या श्रेष्ठ | ५० |
| ५५. | प्रेरणा तिवारी | ४५ |
| ५६. | प्रशन्न श्रेष्ठ | ४० |
| ५७. | शिवशंकर महतो | ३० |
| ५८. | साहिल रेग्मी | ५० |
| ५९. | सुनिल अधिकारी | ४५ |
| ६०. | शुभाष शर्मा | ३५ |
| ६१. | रानी कुमारी महतो | ३२ |
| ६२. | राहत राइ | ३० |
| ६३. | नाजिया मोविन | २० |
| ६४. | सन्ध्या कुँवर | ४५ |
| ६५. | सिम्रन कुमारी साह | ४० |
| ६६. | अनवारुल राईन | ४५ |
| ६७. | संजिप भण्डारी | ३५ |
| ६८. | प्रदीप भट्टराई | ५० |
| ६९. | देकराज अधिकारी | ३५ |
| ७०. | दिपक तिवारी | ३० |
| ७१. | कृति कुमारी ठाकुर | ३० |
| ७२. | काँजले भण्डारी | ३५ |
| ७३. | प्रिती कार्की | ३० |
| ७४. | नितु शर्मा | २० |
| ७५. | साहिल यादव | २० |

| क.सं. | विद्यार्थीको नाम र थर | प्राप्ताङ्क |
|---|---|---|
| ७६. | मेघा तिवारी | ४० |
| ७७. | प्रशान्त कुँवर | ३० |
| ७८. | इरफान राइन | ३० |
| ७९. | राहुल गिरी | ३५ |
| ८०. | आशिष खनाल | ४५ |
| ८१. | सिफा झा | ३५ |
| ८२. | सोनम ज्ञवाली | ३० |
| ८३. | आदित्य कापरी | ४० |
| ८४. | नेहा भण्डारी | ३५ |
| ८५. | भावना भुसाल | ३० |
| ८६. | मो. अलाउदिन राइन | ५० |
| ८७. | ताडिर खान | ४० |
| ८८. | राहुल गिरी | ३५ |
| ८९. | बीर कार्की | ४० |
| ९०. | माधव परियार | ३५ |
| ९१. | कबिर क्षेत्री | ५० |
| ९२. | अभिनव साह | ५० |
| ९३. | शिवकुमार साह | ३५ |
| ९४. | समिर जोशी | ५० |
| ९५. | अजय ठाकुर | ४० |
| ९६. | श्रुति कर्ण | ४५ |
| ९७. | रुबि सिंह | ४० |
| ९८. | चाँदनी कुमारी महरा | २० |
| ९९. | अनु ज्ञवाली | ४० |
| १००. | निर्मा गुप्ता | ५० |

# व्यक्तिवृत्त



नाम : रचना मण्डल

जन्ममिति : २०४७/८/१

ठेगाना : धनुषा

बुवाको नाम : रास लाल मण्डल

आमाको नाम : प्रमिला देवी मण्डल

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८४३७७९७३४ / ९८०८९२०१४०

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष |
|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री सकल भवन कन्या मा.वि., जनकपुरधाम, धनुषा | २०६१ |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | विज्ञान अध्ययन केन्द्र, जनकपुरधाम, धनुषा | २०६४ |
| स्नातक तह (बी.एड.) | राजर्षी जनक क्याम्पस, आनन्दनगर, जनकपुरधाम, २०६८ | २०७२ |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर | |